अदालतले भर्ने
दर्ता नं. …………....…
दर्ता मिति ……………..

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गरेको

## अभियोग पत्र

**आ.व. २०८१/८२ सालको निर्णय नम्बरः**

नेपाल बाल संगठन, बाल मन्दिर नक्सालका तर्फबाट अख्तियार प्राप्त केन्द्रीय सदस्य मोहन प्रसाद भट्टराई (९८५१००४२५८) को जाहेरीले नेपाल सरकार**..................................................................वादी**

**विरुद्धः**

१. गणेश मान सिं को छोरी सुरेश राज वैद्यको श्रीमती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १६ बस्ने नेपाल बाल संगठनका तत्कालिन अध्यक्ष वर्ष ७१ की रीता सिंह (ना.प्र.नं. ३८/४०६१०) ..........................................................................................१
२. देवी प्रसाद श्रेष्ठको नाती, डिल बहादुर श्रेष्ठको छोरा जिल्ला लमजुङ साविक धमिलीकुवा गा.वि.स. वडा नं. ३ हालको परिवर्तित राईनास नगरपालिका वडा नं. ६ घर भएका नेपाल बाल संगठनका तत्कालिन उपाध्यक्ष वर्ष ६६ को तुलसी नारायण श्रेष्ठ (ना.प्र.नं.१९७)..................१
३. गोपाल बहादुर श्रेष्ठको नाती, शंकर भक्त श्रेष्ठको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ पाको न्यूरोड घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १३ बस्ने नेपाल बाल संगठनका तत्कालिन महासचिव वर्ष ७० को गणेश भक्त श्रेष्ठ (ना.प्र.नं. २७३७८५/१८०७०).........................................................१
४. रामवृक्ष साहको नाती, महाविर साहको छोरा महोत्तरी जिल्ला साविक जलेश्वर नगरपालिका वडा नं. २ हालको परिवर्तित वडा नं. १ घर भएका नेपाल बाल संगठनका तत्कालिन सदस्य एवंम श्रोत तथा परिचालन उपसमिति संयोजक वर्ष ५३ को कृष्ण शंकर साह (ना.प्र.नं.५२७/७८१).........१
५. हर्ष सिंह आलेको नाती, छत्र सिंह आलेको छोरा जिल्ला सिराहा गोलबजार नगरपालिका वडा नं. ३ स्थायी वतन भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ८ बस्ने नेपाल बाल संगठनका तत्कालिन अख्तियार प्राप्त महासचिव वर्ष ७५ को श्याम कुमार आले (ना.प्र.नं.३४९५).......................................................................................१

**प्रतिवादी**

६. केदार नाथ पोखरेलको नाती राज कुमार पोखरेलको छोरा खोटाङ जिल्ला साविक खार्पा गा.वि.स. वडा नं. ७ हालको परिवर्तित रावाबेसी गा.पा. वडा नं. २ स्थायी वतन बई हाल का.जि.का.म.पा. ९ सिनामंगल बस्ने नेपाल बाल संगठनका तत्कालिन अख्तियार प्राप्त महासचिव वर्ष ५४ को सुवास कुमार पोखरेल (ना.प्र.नं. १०५५/२६३)...........................१

७. गोपी लाल प्रधानको नाती, शन्तलाल प्रधानको छोरा जिल्ला काभ्रेपलान्चोक बनेपा नगरपालिका वडा नं.१४ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३०, मैतिदेवीमा बस्ने नेपाल बाल संगठनका तत्कालिन महासचिव वर्ष ६२ को प्रचण्ड राज प्रधान (ना.प्र.नं. १४४५८)..............................................................................................................१

८. खडक सिंह गुरुङको नाती, एम बहादुर गुरुङको छोरा रुपन्देही जिल्ला साविक सिद्धार्थनगर नगरपालिका वडा नं. ६ स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बस्ने नेपाल बाल संगठनका तत्कालिन महासचिव वर्ष ६९ को राम काजी गुरुङ कोने (ना.प्र.नं. ६६०४)...........................................................................................१

९. कृती विर शाहीको छोरा जिल्ला डोटी साबिक मुडेगाउँ गा.वि.स वडा नं. ७ हालको परिवर्तित शिखर नगरपालिका वडा नं. २ घर भएका नेपाल बाल संगठनका तत्कालिन उपाध्यक्ष वर्ष ६८ को योगेन्द्र बहादुर शाही (ना.प्र.न.११९५)..................................................................१

१०. ठाकुर दास श्रेष्ठको नाती, अम्बिका दास श्रेष्ठको छोरा जि. बारा साबिक बगही गा.वि.स. वडा नं. ७ वतन भई भई स्थायी वतनमकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ४ बस्ने नेपाल बाल संगठनका तत्कालिन उपकोषाध्यक्ष वर्ष ७२ को दिपकदास श्रेष्ठ (ना.प्र.नं.१०४८)..१

११. डेडम्ब राज जोशीको नाती, पुरुषोतम राज जोशीको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२९, डिल्लिबजार घर भएका बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (बृहस्पति विद्यासदन) का संचालक वर्ष ५० को प्रविण राज जोशी (ना.प्र.नं.७६२७)……१

१२. यावनिधि तिवारीको नाती, टंक निधि तिवारीको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका साविक वडा नं. ३३ हालको परिवर्तित वडा नं. ३० डिल्लिबजार घर भएका वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (वृहस्पति विद्यासदन) का तत्कालिन संचालक वर्ष ७२ मुरारी निधि तिवारी (ना.प्र.नं.६५४७-०२६-५१४५१) ..................................................१

१३. राजिब लोचन जोशीको नाती, डेडम्ब राज जोशीको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ डिल्लिबजार घर भएका वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (बृहस्पति विद्यासदन) का अध्यक्ष वर्ष ८२ को पुरुषोत्तम राज जोशी (ना.प्र.नं.२३९७) बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का अध्यक्ष पुरुषोत्तम राज जोशी...........१

१४. गोपाल राय संघाईको नाती, पुरुषोतम लाल संघाईको छोरी सिद्धार्थ केडियाको श्रीमती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २५ घर भएकी बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (बृहस्पति विद्यासदन) का संचालक वर्ष ४२ की श्रद्धा संघाई (ना.प्र.नं.७७२९)...........१

**प्रतिवादी**

१५. बाल किषण दास सिंघानियाको नाती, प्रमोद सिंघानियाको छोरा देश भारत, दिली राज्य घर भई हाल माडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०४, बालुवाटार बस्ने बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (बृहस्पति विद्यासदन) का संचालक वर्ष ४४ को अभिनव सिंघानिया (भारतिय निवार्चन आयोग कार्ड नं. XGV3574449)..................................................१

१६. गौरीसंकर केडियाको नाती, संजय केडियाको छोरा देश भारत, राजस्थान राज्य, जयपुर घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ०२, सानेपा बस्ने वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (बृहस्पति विद्यासदन) का संचालक वर्ष ४४ को सिद्धार्थ केडिया (भारतिय आधार कार्ड नं. ४८७४ १९७४ ५३३६).................................................................१

१७. केशव प्रसाद पाण्डेयको नाती, रघु बिर प्रसाद पाण्डेयको छोरा देश भारत, कर्नाटक राज्य, बेडलोर घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वरमा बस्ने वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि (वृहस्पति विद्यासदन) का संचालक वर्ष ७१ को कीर्ति प्रसाद पाण्डेय (भारतिय आधार कार्ड नं. ४३९४ १८८७५७६९)......................................१

} **प्रतिवादी**

**मुद्दा : ठगी ।**

**मुद्दाको संक्षिप्त तथ्य:**

**१. मोहन प्रसाद भट्टराईको जाहेरी दरखास्तः**

वि. सं. २०२१ सालमा स्थापित भएको नेपाल बाल संगठनलाई समयानुकुल र अझ बढी प्रभावकारी बनाउने उद्देश्यबाट अभिप्रेरित भई नेपाली बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्न, उनीहरुलाई सुयोग्य, सक्षम, नैतिक र चरित्रवान बनाउने र बाल अधिकार सम्बन्धि विश्व शिखर सम्मेलन १९९० द्वारा प्रत्याभूत बाल अधिकारलाई सफल कार्यान्वयन गर्न एवं नेपाली बालबालिका हरुको हक, हित र कल्याणका लागि हुने क्रियाकलापहरुलाई समेत समन्वय गर्न वान्छनीय भएकोले केन्द्रीय कार्यसमितिले विधान बनाई राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम नेपाल सरकारको स्वीकृति लिई विधान जारी गरिएको हो ।

नेपाल बाल संगठनको नाममा रहेका चल अचल सम्पत्तिलाई नेपाल बाल संगठनको उद्देश्य तथा बालबालिकाको सर्वोपरी हितलाई मध्यनजर राखी उपयोग गर्नुपर्ने हुन्छ। यस नेपाल बाल संगठनको चल अचल सम्पत्ति सम्झौता गरी कसैलाई भाडामा दिंदा सम्पत्तिको अधिकतम उपयोग गरेको तथ्य स्पष्टसँग झल्किनु पर्ने हुन्छ । निज कसूरदारहरुले नेपाल बाल संगठनको स्वामित्वमा रहेको चल अचल सम्पत्ति सम्झौता गरी भाडामा लिँदा दिंदा सम्पत्तिको अधिकतम उपयोग नगरी संगठनको उद्देश्य नियम कानून तथा बालबालिकाको हित विपरित हुने गरी गैर कानूनी ढंगले करार सम्झौता गरी सम्पत्तिको दुरुपयोग गरिएको तथ्य छर्लंग छ। यसै सन्दर्भमा हेर्दा यस नेपाल बाल संगठनको तत्कालिन अध्यक्ष तथा केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यले अर्थात् नेपाल बाल संगठनले बृहस्पति विद्यासदनसँग मितिः २०४९ साल माघ २७ गते करार सम्झौता गरी घर जग्गा भाडामा दिंदा कुन कित्ता नम्बर को के कति क्षेत्रफलको जग्गा भाडामा लिएको हो भनी स्पष्टसंग सम्झौतामा नखुलाई अपारदर्शी ढंगले करार सम्झौता गरिएको रहेछ । उक्त २०४९ सालमा गरिएको सम्झौताको अवधि २०५२ साल फागुन १ गते सम्म रहेकोमा

उक्त अवधि समाप्त भएपछि ११ महिनासम्म कुनै करार सम्झौता नगरी सो ११ महिनाको अवधिको नेपाल बाल संगठनले भाडा बापत पाउनुपर्ने रकम हिनामिना गरी कसूरदारहरुको मिलेमतोमा लिनुरू गरी उक्त २०४९ सालमा भएको करार सम्झौताको अवधि समाप्त भएको ११ महिना पश्चात २०५३ साल पौषमा पुनः सम्झौता गरिएको रहेछ । जुन सम्झौता २०५३ साल माघ १० गते बाट ८ वर्षको लागि कायम रहने भनी शर्त नम्बर ५ मा उल्लेख गरिएको छ र अन्य कतिपय शर्तहरु २०४९ सालको शर्त अनुरुप हुने भनिएको छ । जबकी २०४९ सालको करार सम्झौताको अवधि २०५२ साल फागुन १ गते नै समाप्त भई उक्त २०४९ सालको करार सम्झौताको अस्तित्व नै समाप्त भईसकेको सम्झौताको शर्तहरु बमोजिम हुने भनी २०५३ साल पौषमा गरिएको करार सम्झौता तत्कालिन करार कानून विपरीत अस्तित्व विहिन तथा नेपाल बाल संगठनको हित विपरीत रहेको छ । २०५३ साल माघ १० गतेबाट ८ वर्षे अर्थात २०६१ साल माघ १० गते सम्मको करार अवधि राखी २०५३ साल पौषमा करार सम्झौता भएको देखिन्छ । २०५३ सालमा भएको करार सम्झौता २०६१ माघ १० गते समाप्त हुनेमा ३ वर्ष भन्दा बढी अवधि बाँकी रहँदै २०५८ साल जेष्ठ ८ गतेका दिन नेपाल बाल संगठन केन्द्रीय कार्यालय र बृहस्पत्ति विद्या सदनबीच करार साझौता भएको रहेछ। २०४९ साल र २०५३ सालमा भएको करार संझौतामा क्षेत्रफल र कित्ता नं समेत नखुलाई अपारदर्शी ढंगले करार सम्झौता गरिएकोमा २०५३ सालमा गरिएको करार सम्झौताको अवधि समाप्त हुन ३ वर्षभन्दा बढी समय बाँकी हुँदा हुँदै २०५८ साल जेठ ८ गते भएको करार सम्झौतामा २०४९ साल र २०५३ सालमा भएको संझौता बमोजिम नेपाल बाल संगठनको ९-०-०-० रोपनी जग्गा घर टहरा रहेको भन्ने व्यहोरा करार सम्झौताको शर्त नं १ मा उल्लेख गरेको देखिन्छ र सोही शर्त नं १ मा थप ५-९-० (पाँच रोपनी नौ आना जग्गा समेत गरी १४-९-०-० चौध रोपनी नौ आना जग्गा भाडामा लिए दिएको देखिन्छ ।

उक्त घर जग्गाको वार्षिक भाडा रु ३०,००,०००/- (तीस लाख) कायम गरी सम्झौता गरिएको छ। उक्त सम्झौता बमोजिमको भाडा रकमलाई लेखाजोखा गरी हेर्दा प्रति रोपनी मासिक रु १६,७७८/- (सोह हजार सात सय अठहतर) मात्र देखिन्छ । नेपाल बाल संगठनको काठमाडौँ नक्साल स्थित प्रमुख तथा महत्वपूर्ण स्थानमा रहेको घर जगालाई बोलपत्र प्रतिस्पर्धा नगराई कायम गरिएको भाडा दर अत्यन्तै न्युन रहेको देखिन्छ। यसको अलावा उक्त मिति २०५८ साल जेष्ठ ८ गते भाएको करार सम्झौताको अवधि ३० वर्ष अर्थात् २०८८ साल जेष्ठ ८ गतेसम्म कायम गरिएको छ। उक्त ३० वर्षको अवधिमा शुरुको ५ वर्ष र अन्तिमको ५ वर्ष गरी जम्मा १० वर्षको अवधिसम्म भाडामा कुनै वृद्दि नहुने र सम्झौता अवधिको बाँकी २० वर्षको भाडामा प्रत्येक २ वर्षमा ५% का दरले भाडा वृद्दि हुने भनी करार सम्झौताको शर्त नंबर ४ को (ख) र (ग) मा उल्लेख गरिएको छ। जबकी २०५८ साल पूर्व गरिएका करार सम्झौतामा प्रत्येक वर्ष १०% का दरले भाडा दर वृद्दि गर्ने भनि करार सम्झौता भएकोमा के कुन कारण तथा आधारमा भाडा वृद्दि दर न्युन गरिएको हो भन्ने कारण तथा आधार नखुलाई गरिएको करार सम्झौताबाट नेपाल बाल संगठनलाई आर्थिक रुपमा ठूलो क्षति हुन पुगेको छ ।

२०५८ सालमा ३० वर्ष अर्थात् २०८८ सालसम्मको अवधिको लागि सम्झौता गरिएकोमा सम्झौताको अवधि वर्षौ वर्षसम्म कायम हुँदा हुँदै २०५९ साल भाद्र ११ गते कित्ता नम्बर समेत नखुलाई १३-१२-१ (तेह्र रोपनी बाह आना एक पैसा ) जग्गा भाडामा लिने दिने गरी पुनः करार सम्झौता गरिएको देखिन्छ । उक्त

१३-१२-१ (तेह्र रोपनी बाह आना एक पैसा) जगाको भाडा दर वार्षिक ६,००,०००/- (छ लाख) कायम गरिएको छ। जबकी २०५८ सालमा गरिएको करार सम्झौतामा १४-९-० (चौध रोपनी नौ आना जग्गाको वार्षिक भाडा दर रु.३०,००,०००/- (तीस लाख) कायम गरिएकोमा १४-९-० (चौध रोपनी नौ आना) जग्गाकै साँध सिमाना जोडिएको एउटै कित्ता नम्बर मध्येको १३-१२-१ (तेह्र रोपनी बाह आना एक पैसा) जग्गाको वार्षिक भाडा रु ६,००,०००/- (छ लाख) अर्थात् प्रति रोपनी रु.३,८१०.९७/- (तीन हजार आठ सय दश रुपैंया सन्तानब्बे पैसा) कायम हुने गरी सम्झौता गरी नेपाल बाल संगठनलाई ठूलो हानी नोक्सानी पुऱ्याउने कार्य भएको छ।

नेपाल बाल संगठनले लिने भाडाको विषयमा प्रश्न उठ्न सक्ने सम्भावना रहेको हुँदा उक्त भाडा दरको विषयमा नेपाल बाल संगठनका तत्कालिन संचालक समितिका पदाधिकारी तथा सदस्यहरु र बृहस्पति विद्यासदनका संचालकहरुको आपसी मिलेमतोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष उजुरी गरी सो उजुरीका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भाडा दरको विषयमा निर्णय भएपछि उक्त निर्णयका विरुद्दमा बृहस्पति विद्या सदनको तर्फबाट सम्मानित सर्वोच्च अदालत समक्ष रिट निवेदन दायर भएकोमा नेपाल बाल संगठन र बृहस्पति विद्यासदनबीच मेलमिलाप गर्ने गरि उक्त रिट निवेदन तामेलीमा राख्ने गरी निवेदन दिई तत्पश्चात नेपाल बाल संगठन र बृहस्पति विद्यासदन बीच २०७२ साल जेष्ठ २१ गते समझदारी पत्र तयार गरी नेपाल बाल संगठनको तर्फबाट अध्यक्ष रीता सिंह र बृहस्पति विद्यालय व्यवस्थापन प्रा. लि.कातर्फबाट संस्थापक अध्यक्ष पुरुषोत्तम राज जोशीले हस्ताक्षर गर्नुभएको रहेछ। उक्त समझदारी पत्रलाई मिति २०७२ साल श्रावण ३ गतेको सम्झौता पत्रको शर्त नम्बर १३ ले सम्झौताकै अभिन्न अंगको रुपमा स्वीकार गरिएको छ। सम्झौताको अभिन्न अंगको रुपमा स्वीकार गरिएको मितिः २०७२ जेष्ठ २१ गतेको समझदारी पत्रमा पूर्व सम्झौताको अवधिमा ४३ वर्ष थप कायम गर्ने भनी उल्लेख गरिए बमोजिम करारको अवधि वि. सं. २१३२ सम्म रहने देखिन्छ। नेपाल बाल संगठनको तत्कालिन अध्यक्ष रीता सिंहले आफ्नो जीवन पर्यन्तसम्म पनि कायम रहने गरी अस्वभाविक करार अवधि राखी करार गरी प्रति वर्ग फिट मासिक रु ४/२० का दरले बहाल रकम कायम गरी सम्झौता गरिएको छ। उक्त मिति २०७२ श्रावण ३ गते भएको सम्झौताको शर्त नम्बर २.३ मा बहाल अवधिको समाप्ति पश्चात बहालमा लिएको जग्गा नेपाल बाल संगठनलाई फिर्ता गर्नु पूर्व सो मा निर्मित हुने भवन सहित रु. ५२,००,००,०००/- (बाउन्न करोड) को सम्पति बृहस्पति विद्यासदनले अभिवृद्धी गर्नु पर्नेछ भनी सम्झौता गरिएको रहेछ तर उक्त रु. ५२,००,००,०००/- (बाउन्न करोड) कुन आयोजनामा लगानी गर्ने र के कस्तो सम्पति अभिबृदी गर्ने हो सो सम्बन्धमा कुनै योजना समेत नभएको र उक्त सम्झौता कार्यान्वयन गर्न समेत असम्भव देखिएको अवस्थामा नेपाल बाल संगठनलाई फिर्ता गर्ने भनी करोडौं रुपैयाँको सम्पत्ति देखाईएको भए तापनि वि.सं. २१३२ साल सम्ममा सम्झौता बमोजिम निर्मित भवन तथा संरचनाहरुको ह्रास कट्टी (depreciation) गर्दा त्यसको मुल्यांकन शुन्य हुन जान्छ।

नेपाल बाल संगठनले २०७२ सालमा करार सम्झौता गर्दा नेपाल बाल संगठन कार्यविधि तथा निर्देशिका, २०६८ लाई अनिवार्य रुपमा अवलम्बन गर्नुपर्ने हुन्छ। उक्त कार्यविधि तथा निर्देशिका, २०६८ को दफा ५, ६. १३. १४,१५, १६, १७ विपरीत भएको मिति २०७२ साल श्रावण ३ गतेको करार सम्झौता

नेपाल बाल संगठनको ऐतिहासिक तथा सेवा प्रदायक गरिमामय भूमिका एवं आर्थिक हित विपरित भएकोले हाल उक्त करार सम्झौता समेत भंग गरिएको छ । नेपाल बाल संगठनको नाममा रहेका करोडौं मूल्य पर्ने जग्गा तथा पर नेपाल बाल संगठनले २०४९ साल देखि सम्झौता गरी तत्पश्चात विभिन्न मितिमा करार सम्झौता गर्दै करारको अवधि २१३२ सम्म कायम गरिएको छ। उक्त विभिन्न मितिमा पटक पटक करार सम्झौता गर्दै नेपाल बाल संगठनले आफ्ना नाममा रहेको लगभग २९ रोपनी भन्दा बढी जागा तथा घर बृहस्पति विद्यासदन लाई प्रचलित मूल्यभन्दा अत्यन्तै न्युन मुल्यमा भाडामा दिदा एकातिर नेपाल बाल संगठनले आफ्ना कर्मचारीलाई समयमा तलब दिन कठिनाई भोग्नु परेको, दैनिक प्रशासनिक खर्च चलाउन समस्या उत्पन्न हुनुको साथै नेपाल बाल संगठनमा आश्रित बालबालिका हरुको लागि चाहिने पोषण युक्त खानेकुरा, समयानुकुल प्राप्त गर्नुपर्ने शिक्षा, खेलकुद, संरक्षकको हैसियतले नेपाल बाल संगठनबाट पाउनुपर्ने उचित हेरचाह संरक्षण जस्ता आधारभूत अधिकारबाट आर्थिक अभावका कारण बन्चित हुनुका साथै टिनको छाप्रोको चिसो छिडीमा रात काट्न बाध्य भई सम्मानपूर्वक बाँच्न पाउने बालबालिकाको अधिकार समेत कुण्ठित हुन गएको छ भने अर्कोतिर टिनको छाप्रोमा बसी दयनीय जीवन बिताउदै आइरहेका बालबालिकाहरुको आडैमा नेपाल बाल संगठनको जग्गामा वि. स. २०४९ साल देखि वि.स. २१३२ साल सम्मको लागि करिब ८३ वर्ष सम्मको करार अवधि सुनिश्चित गरी शिक्षाका नाममा नेपाल बाल संगठनको नामका जग्गा बाट आपसी मिलेमतोमा कसुरदारहरुले अकुत सम्पत्ति आर्जन गर्ने र नेपाल बाल संगठन र यस संगठनमा आश्रित बालबालिकाहरुले सम्पत्ति उपभोग गर्ने तथा बाल अधिकार उपभोग गर्ने अधिकारलाई सदाका लागि समाप्त पार्ने गरी प्रचलित मूल्य भन्दा ज्यादे न्युन मुल्यमा नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान पुर्याउने गरि कसूरदारहरुले अपारदर्शी ढंगले नेपाल बाल संगठनको आर्थिक प्रशासन नियमावली लाई व्यवस्थित गर्न बनेको नेपाल बाल संगठनको कार्यविधि तथा निर्देशिका, २०६८ साथै प्रचलित कानून विपरित करार सम्झौता गरि आपसी मिलेमतोमा रकम लिनुखानु गरी नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने र आफूलाई फाईदा हुने गरी ठगीको कसुर गरेको हुँदा उल्लेखित कसूरदारहरु र अनुसन्धानको क्रममा खुल्न आउने अन्य कसूरदारहरु समेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ बमोजिम कारवाही गरी नोक्सानी भएको रकम समेत क्षतिपूर्ती बापत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

**२. घटनास्थलको स्पष्ट विवरण तथा चित्रणः**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१ नक्साल स्थित नेपाल बाल संगठनको हक भोगको कम्पाउण्ड भित्र रहेको पूर्व नेपाल बाल संगठनको ग्यारेज र पौष्टिक आहारको गोदाम, पश्चिम बाल संगठनकै पर्खाल भई हाँडी गाउँ जाने बाटो, उत्तर नेपाल बाल संगठनकै पर्खाल, दक्षिण बहिरा स्कुलको पर्खाल यति चार किल्ला भित्र रहेको जग्गा वि. सं. २०४९ सालदेखि वि.सं. २१३२ साल सम्मको लागि करिब ८३ वर्षसम्मको करार अवधि सुनिश्चित गरी शिक्षाका नाममा नेपाल बाल संगठनको नामका जग्गा बाट आपसी मिलेमतोमा कसूरदारहरुले अकुत सम्पत्ति आर्जन गर्ने र नेपाल बाल संगठन र यस संगठनमा आश्रित बालबालिकाहरुले सम्पत्ति उपभोग गर्ने तथा बाल अधिकार उपभोग गर्ने अधिकारलाई सदाका लागि समाप्त पार्ने गरी प्रचलित मूल्य भन्दा ज्यादै न्युन मुल्यमा नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान

पुऱ्याउने गरी कसूरदारहरुले अपारदर्शी ढंगले नेपाल बाल संगठनको आर्थिक प्रशासन नियमावली लाई व्यवस्थित गर्न बनेको नेपाल बाल संगठनको कार्यविधि तथा निर्देशिका, २०६८ साथै प्रचलित कानून विपरित करार सम्झौता गरी आपसी मिलेमतोमा रकम लिनु खानु गरी नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने र आफूलाई फाईदा हुने गरी ठगीको कसुर गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

**३. अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको छोटकरी बिवरणः-**

**क. प्रतिवादी तुलसी नारायण श्रेष्ठको बयान व्यहोरा :-**

यकिन मिति याद भएन, २०७२ सालको शुरुवात देखि सोही सालको फागुन / चैत्र महिनासम्म नेपाल बाल संगठनको उपाध्यक्ष पदमा कार्यरत रहे जस्तो लाग्छ। नेपाल बाल संगठनको तत्काल प्रचलित विधानमा अध्यक्ष कार्यकारी भूमिकामा रहने व्यवस्था रहेको हुँदा मलाई अध्यक्षको अनुपस्थितिमा निजले गरि आएको काम कारवाही गर्ने गरी तोकिएको थियो। तर म उपाध्यक्षको हैसियतमा रहँदाको अवस्थामा मैंले त्यस्तो भुमिका निर्वाह गर्ने अवसर जुरेन। सो बाहेक अन्य पदाधिकारी र सदस्य सरह बैठकमा भाग लिने कार्य गरेको हुँ। यकिन मिति याद भएन, बि.सं. २०६५/२०६६ सालतिर म गण्डकी अञ्चलबाट प्रतिनिधित्व गर्दै नेपाल बाल संगठनको केन्द्रीय सदस्य पदमा बहाल भए जस्तो लाग्छ। तसर्थ नेपाल बाल संगठनबाट सो भन्दा अघि भएका निर्णय र काम कारबाही सम्बन्धमा मलाई जानकारी भएन। नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) का बिचमा मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौता गर्दाको बखतमा पुराना सम्झौताहरु हेर्दा मितिः२०५८/२/८ मा नेपाल बाल संगठनको स्वामित्वमा रहेको का.जि.का.म.पा. १ नक्साल स्थित जग्गा मध्ये १४-९-०-० (चौध रोपनी नौ आना) जग्गा वार्षिक रु. ३०,००,०००/- (तीस लाख) र मितिः २०५९/५/११ गते १३-१२-१-० (तेह्र रोपनी बाह्र आना एक पैसा) जग्गा वार्षिक रु. ६,००,०००/- (छ लाख) बहाल लिने गरी बृहस्पति विद्या सदनलाई ३० (तीस) वर्षको लागि सम्झौता गरी लिज भाडामा दिईएको रहेछ। यसरी भाडामा दिँदा प्रति वर्ग फिट रु.१/९४ ( एक रुपैया चौरानब्बे पैसा) भाडा दर कायम भएको रहेछ जबकी मितिः २०७२/०४/०३ गते पुरक सम्झौता गर्दा प्रति वर्ग फिट रु.६/१० (छ रुपैंया दश पैसा) भाडा दर कायम हुने गरी उल्लेखित जग्गाको वार्षिक भाडा रु.१,१३,००,०००/- (एक करोड तेह लाख) नेपाल बाल संगठनले प्राप्त गर्ने गरी जग्गाको लिज भाडामा लिने दिने सम्बन्धमा संशोधन सहितको पुरक सम्झौता गरिएको हो। एकै जग्गाबाट संस्थाले प्राप्त गरी रहेको भाडा भन्दा करिब ३ गुणा भन्दा बढी भाडा र सम्झौताको समाप्ति पश्चात बहालमा लिएको जग्गा नेपाल बाल संगठनलाई फिर्ता गर्नु पूर्व सोमा निर्मित हुने भवन सहित रु. ५२ करोडको सम्पति अभिवृद्दि बृहस्पति विद्या सदनले गर्नु पर्ने र मितिः२०५८/०२/०८ को सम्झौतामा उल्लेख भएको जग्गामा थप रकम रु.१,००,००,०००/- (एक करोड) बराबरको भौतिक संरचना बृहस्पति विद्या सदनले निर्माण गर्नु पर्नेछ भन्ने समेतको व्यवस्था गरी गरिएको पूरक सम्झौतालाई न्युन मुल्यांकन गरी संस्थालाई हानी पुऱ्याउने गरी सम्झौता भयो भन्नु नितान्त गलत व्यहोरा हो। यसरी सम्झौता गर्दा संस्थालाई क्षति पुऱ्याउने दुषित मनसाय राखी गरेको नभई सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटन समेतबाट विभिन्न मितिमा भएको फैसला/आदेश बमोजिम मध्यस्थता कायम

गरी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनात्मक आदेश, सार्वजनिक लेखा समितिको निर्देशन, राष्ट्रिय योजना आयोग र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल बाल संगठनमा आश्रित बाल बालिकाको सर्वोपरी हितलाई ध्यानमा राखी कार्य योजना पेश गर्न निर्देशन दिए मुताविक नेपाल बाल संगठनले माथि उल्लेखित संस्थाहरुमा कार्य योजना पेश समेत गरी आर्थिक दुर्बलताले गाँजिएको नेपाल बाल संगठनलाई केहि हदसम्म भने पनि बाल मन्दिरको स्वामित्वमा रहेको जग्गाको अधिकतम उपयोग गरी लिज भाडा मार्फत सम्बोधन गरिएको हो । प्रस्तुत पुरक सम्झौता तत्काल प्रचलित करार ऐन, २०५६ बमोजिम गरिएको सम्झौता हो । नेपाल बाल संगठन स्वायत्त संस्था भएका कारण यसले आफ्नो स्वामित्वमा रहेको सम्पति लिज भाडामा दिन सक्ने हो । पुरानो सम्झौताको अवधि समाप्त हुनु पूर्व नै अवधि थप हुने गरी संशोधन सहितको पुरक सम्झौता गरिएको भन्ने सम्बन्धमा लिजमा लिने पक्षले करिब रु. ५३ करोड बराबरको सम्पति अभिबृद्दि गर्नु पर्ने भन्ने व्यवस्था सहितको सम्झौता गर्दा आफ्नो लगानीको सुनिश्चितता समेत खोज्ने भएकाले सो को सम्बोधन गर्न लिज अवधि थप गरी पुरक सम्झौता गरिएको हो । बाल मन्दीरको अल्पकालिन र दिर्घ कालिन समस्याको समाधानार्थ माथि उल्लेखित तवरबाट सम्झौता गरिएको हो । नेपाल बाल संगठन र बृहस्पति विद्या सदन बिच चलेका सम्पूर्ण विवादहरु समेत निमिट्यान्न भई जाने हुँदा पुरक सम्झौता गरिएको हो। उल्लेखित सम्झौता गर्नु अघि कुनै राष्ट्रिय समाचार पत्रमा सूचना प्रकाशित गरिएको मलाई थाहा भएन, आन्तरिक रुपमा सूचना प्रवाह गरिएको थियो। अमुक व्यक्ति वा संस्थालाई लाभ पुऱ्याउने दुषित मनसाय राखी सम्झौता गरेको नभई तत्कालिन बाल मन्दिरमा आश्रीत बालबालीकाहरुको सर्वोपरी हितलाई ध्यानमा राखी र महाभूकम्पको कारणले गर्दा भवन समेत लथालिंग र बालबालिकालाई दैनिक गुजारा टार्न, त्यहाँ कार्यरत कर्मचारीहरुको सेवा सुविधा बक्यौता समेत उपलब्ध गराउनका साथै माथि उल्लेखित सम्मानित संस्थाहरुको फैसला, निर्णय, निर्देशन र आदेश समेतलाई ध्यानमा राखी पुरक सम्झौता गरेको हो भन्ने ब्यहोराको बयान कागज ।

**ख. प्रतिवादी गणेश भक्त श्रेष्ठको बयान व्यहोराः-**

यकिन मिति याद भएन, २०५५ सालको भदौ महिनादेखि २०५८ सालको श्रावन / भाद्र महिना सम्म नेपाल बाल संगठनको महासचिव पदमा कार्यरत रहे जस्तो लाग्छ, नेपाल बाल संगठनको महासचिवको हैसियतमा अध्यक्षको निर्देशनमा कार्य समितिको बैठक बोलाउने, बैठकबाट भएको निर्णयलाई अभिलेखिकरण गर्न लगाउने, निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने, बालसंगठनको दैनिक कार्य संचालन गर्ने गराउने लगायतको जिम्मेवारी थियो । नेपाल बाल संगठन बाल बालिकाहरुको हितको लागि स्थापना भएको संस्था हो । नेपालका बिभिन्न स्थानमा फेला परेका असहाय, अनाथ, परित्यक्त बालबालिकाहरुको लालन पालन र संरक्षण समेत नेपाल बाल संगठनले गर्दै आएको छ । नेपाल बाल संगठनमा आश्रित बालबालिकाहरुको उचित लालन पालन र शिक्षा दिक्षा समेतका लागि आवश्यक रकम जोहो गर्ने क्रममा नेपाल बाल संगठनको स्वामित्वमा रहेको जग्गालाई श्रोतको रुपमा लिई वृहस्पति विद्या सदनलाई करार गरी भाडामा दिई सो वापत प्राप्त रकम समेत बालबालिकाहरुको हितमा प्रयोग गरिएको हो । उल्लेखित सम्झौताहरु ठगी गर्ने मनसायले गरिएको नभई

बालबालिकाहरुको हितमा खर्च गर्ने रकम जोहो गर्नका लागि गरिएको हो । नेपाल बाल संगठनको जग्गामा बि.सं. २०४२ साल देखि नै बृहस्पति विद्या सदन संचालनमा रहि आएको र मितिः २०४९/१०/२७ र मितिः २०५३/९/२९ समेतमा नेपाल बाल संगठनको जग्गा उक्त बृहस्पति विद्या सदनले प्रयोग गर्ने गरी भाडा सम्झौता भई प्राप्त भाडा रकमबाट बाल मन्दिरमा आश्रित बालबालिकाहरुको लालन पालन, शिक्षा दिक्षा, कर्मचारीको तलब भत्ता समेतमा खर्च हुँदै आएकोमा बृहस्पति विद्या सदनमा विद्यार्थी संख्यामा वृद्दी भई भौतिक पुर्वाधारका लागि जग्गा अपुग भएको हुँदा थप जग्गा आवश्यक परेकोले भाडामा लिनको लागि भनी उक्त विद्यालयले नेपाल बाल संगठनलाई प्रस्ताव गरेको र तत्कालिन अवस्थामा श्री ५ को सरकारबाट नेपाल बाल संगठनलाई प्रदान हुने अनुदान रकम समेत लामो समय देखि रोक्का रही प्राप्त हुन नसकेकोले रकम अभावका कारण बाल मन्दिरमा आश्रित बालबालिकाहरुको भरण पोषण समेतमा समस्या रहेकोले नेपाल बाल संगठनको तत्कालिन कार्य समितिको बैठकबाट पारित गरी थप ५-९-० जग्गा समेत बृहस्पति विद्या सदनलाई भाडामा दिने गरी सम्झौता गरिएको हो । यसरी उक्त सम्झौता बिशुद्द बालबालिकाको हितको लागि गरिएको हो, यसमा कुनै दुषित मनसाय थिएन, उक्त सम्झौता गर्नु अघि नेपाल बाल संगठनको कार्य समिति बैठकमा छलफल भई सम्झौता गर्ने निर्णय भएको थियो । सोही निर्णय मुताबिक उक्त सम्झौता गरिएको हो । नेपाल बाल संगठनमा कानूनी सल्लाहकार रहने व्यवस्था भएको र कुनै पनि काम गर्नु अघि कानूनी सल्लाहकारसँग समेत छलफल गर्ने गरेका कारण कानूनको बर्खिलाप कार्य भए जस्तो लाग्दैन। प्रस्तुत सम्झौता बृहस्पति विद्या सदन सँग भएको पुरानो सम्झौताको निरन्तरताको रुपमा भएको कारण सार्वजनिक सूचना आव्हान नगरेको जस्तो लाग्छ । तत्कालिन अवस्थामा कानूनी सल्लाहकार को थिए, लामो समय भएका कारण मलाई याद भएन । उक्त सम्झौता गर्दाको बखत नेपाल बाल संगठनको कार्य समितिबाट भएको निर्णय माईन्यूट मैंले महासचिव पदबाट राजीनामा गर्दा नयाँ महासचिवलाई बुझाएको हुँदा नेपाल बाल संगठनको केन्द्रीय कार्यालयमा हुनुपर्छ । मैंले माईन्युट बुझाएको भरपाई कागज मसँग घरमा हुनु पर्छ । उक्त भरपाई म पछि पेश गर्नेछु भन्ने समेत ब्यहोराको बयान कागज ।

**ग. प्रतिवादी कृष्ण शंकर साहको बयान व्यहोराः-**

म २०६५ सालदेखि २०७३ सालसम्म नेपाल बाल संगठनको केन्द्रीय सदस्य एवं श्रोत व्यवस्थापन तथा परिचालन उपसमितिको संयोजकको हैसियतले कार्यरत रहेको थिएँ । नेपाल बाल संगठनको केन्द्रीय सदस्यको रुपमा मेरो जिम्मेवारी बोर्ड बैठकहरुमा भाग लिने, बोर्डले गरेका निर्णयहरुमा सदस्यको हैसियतले दस्तखत गर्ने रहेको थियो भने श्रोत व्यवस्थापन तथा परिचालन उपसमितिको संयोजकको हैसियतले मेरो भूमिका तथा जिम्मेवारी बालबालिकाको हितको लागी बालमन्दिरको तर्फबाट विभिन्न स्वदेशी तथा विदेशी पर्यटकहरु बालमन्दिरमा घुम्न आएको समयमा बालबालिकाको लागि सहयोग माग्ने, बालमन्दिरको लागी सामान्य आयस्रोत खोज्ने रहेको थियो । म २०६५ सालदेखि २०७३ सालसम्म नेपाल बाल संगठनमा रहेको हुँदा म बहाल रहनु भन्दा अगाडी भएको सम्झौताको सम्बन्धमा मलाई केही पनि थाहा छैन । म बहाल रहेको समयमा सम्मानित सर्वोच्च अदालले गठन

गरेको मेलमिलाप (Tribunal) को आदेशानुसार नेपाल बाल संगठनले बृहस्पति बिद्यासदन स्कुलसँग २०७२ सालमा सम्झौता गर्दा सो समयको काठमाडौँको सबै भन्दा बढी दर रेटमा भाडामा दिने पूरक सम्झौता गरेको हो । जाहेरी दरखास्तमा उल्लेख गरे बमोजिम नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने गरी मैंले कुनै सम्झौता गरेको छैन । बालबालिकाको बृहतर हितको लागी म बहाल रहेको समयमा पूरक सम्झौता भएको हो, मिसिल संलग्न नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन)का बिचमा मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको प्रतिलिपी देखाउँदा देखी पाएँ । उक्त सम्झौताको साक्षीको महलमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो, मैंले नै गरेको हुँ, हेरी चिनी सनाखत समेत गरी दिएँ । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको उल्लेखित पूरक सम्झौताको बुँदा नं. २.४ मा "बृहस्पति विद्या सदनले बहालमा लिएको जग्गा र निर्माण गर्ने भौतिक संरचनालाई सम्बन्धित कर्जा प्रदायक संस्थामा बृहस्पति विद्या सदनले सो सम्झौता अवधिको लागि प्रचलित कानून बमोजिम सुरक्षण, लिएन (Lien) मा राख्न सक्नेछ" भन्ने समेतको व्यहोरा उल्लेख भएको भन्ने सम्बन्धमा प्रचलित कानून बमोजिम सुरक्षण, लियनमा राख्न सक्ने भन्ने व्यवस्था राखिएको हो । लियन भनेको जग्गा धितो राखी ऋण लिने होईन ब्यवसायिक प्रयोजनको लागी उक्त जग्गामा बन्दै गरेको तथा बनेको भौतिक संरचनालाई चाँही धितोमा राख्न सक्ने हो, सम्मानित सर्वोच्च अदालको आदेशले गठन भएको मेलमिलाप (Tribunal) ले दुबै पक्ष बिच सहमति गर्नको लागी आदेश दिएको हुँदा सोही आदेश अनुसार पूरक सम्झौता गर्नुपर्ने भएको हुँदा सो समयमा कुनै राष्ट्रिय समाचार पत्रमा सूचना प्रकाशित नगरिएको हो । सम्मानित उच्च अदालत पाटन, सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रतिनिधी सभा अन्तर्गतको सार्वजनिक लेखा समिति, महिला बालबालिका मन्त्रालय समेतको मनसाय अनुसार पूरक सम्झौता गरेको हो । दुषित मनसाय राखेको होईन भन्ने समेत ब्यहोराको बयान ।

**घ. प्रतिवादी श्याम कुमार आलेको बयान व्यहोराः-**

म बाल संगठनको तत्कालिन महासचिव रहँदा नेपाल बाल संगठनको कार्यसमितिको निर्णय अनुसार मितिः २०४९/११/०१ गते देखि मितिः २०५२/११/०१ गते सम्मको लागि जग्गा भाडाको लागी करार सम्झौता गरिएको थियो । उक्त सम्झौतामा विधान बमोजिम कार्यसमितिको निर्णयहरुले अख्तियार प्राप्त गरी पदिय हैसियतको आधारमा हस्ताक्षर गरेको हुँ । सो सम्झौतामा मैंले महासचिवको हैसियतले हस्ताक्षर गरेको थिएँ । सो समयमा बाल संगठनको आर्थिक अवस्था अत्यन्त नाजुक भएको कारण छोटो समयलाई टहरा तथा जग्गा भाडामा दिईएको थियो । सो पश्चात गरेका सम्झौताको सम्बन्धमा मलाई कुनै जानकारी छैन । २०४९ सालबाट २१३२ सालसम्मको लागि करिब ८३ वर्ष सम्मको लागी भाडामा दिएको मलाई थाहा, जानकारी छैन । नेपाल बाल संगठनको कार्यविधि तथा निर्देशिका, २०६८ को बारेमा मलाई कुनै जानकारी छैन । नेपाल बाल संगठनलाई अहित हुने कुनै पनि काम मैंले जानी बुझी गरेको छैन । विधान अन्तर्गत रही गर्नु पर्ने काम गरेको थिएँ । मैंले जाहेरी दरखास्तमा उल्लेख गरे बमोजिम नेपाल बाल संगठन र यस संगठनमा आश्रित बालबालिकाहरुले सम्पत्ति उपभोग

गर्ने तथा बाल अधिकार उपभोग गर्ने अधिकारलाई सदाका लागि समाप्त पार्ने गरी नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान पुऱ्याउने गरि अपारदर्शी ढंगले कुनै सम्झौता गरेको छैन । जाहेरी दरखास्तमा उल्लेखित ब्यहोरा झुठो हो । उक्त सम्झौता तथा पत्रमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो, मैंले नै गरेको हुँ । मैंले मितिः २०४९/१०/२७ मा दुई वर्षको लागी सम्झौता गरेको थिएँ । सो पश्चात भएका सम्झौताहरुको बारेमा मलाई कुनै जानकारी छैन । मैंले गरेको उक्त सम्झौता विशुद्द बालबालिकाको हितको लागि गरिएको हो, यसमा कुनै दुषित मनसाय थिएन भन्ने समेत व्यहोराको बयान ।

**ङ. प्रतिवादी सुवास कुमार पोखरेलको बयान व्यहोराः-**

यकिन मिति याद भएन बि.सं. २०७० सालको श्रावण महिनादेखि २०७२ श्रावण/भाद्र महिनासम्म नेपाल बाल संगठनको महासचिव पदमा कार्यरत रहे जस्तो लाग्छ । नेपाल बाल संगठनको महासचिवको हैसियतमा दैनिक प्रशासनिक कामहरुको संचालन तथा रेखदेख गर्ने र सो बाहेक अध्यक्षको निर्देशानुसार बैठक बोलाउने लगायतका कामहरु गर्ने गराउने जिम्मेवारी थियो । नेपाल बाल संगठनको महासचिव पदमा बहाल हुनु अघिदेखि नै नेपाल बालसंगठन र बृहस्पति विद्या सदन बिच समय समयमा सम्झौता भई नेपाल बाल संगठनको स्वामित्वमा रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ नक्साल स्थित करिब २८ रोपनी जग्गा बृहस्पति विद्या सदनले विद्यालय संचालन गर्ने प्रयोजनका लागि उपयोग गरिरहेकोमा उल्लेखित जग्गाहरु मध्ये मितिः २०५९/५/११ गतेको सम्झौताबाट बृहस्पति विद्या सदनले उपभोग गरेको १३-१२-१-० जग्गाको भाडा सम्बन्धमा भाडा रकम ज्यादै न्यून भएको भनी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतका निकायमा उजुरी परी आयोग समेतका बिभिन्न निकायबाट भाडा वृद्धि गर्नु भन्ने निर्देशन समेत प्राप्त भएकोले सो व्यहोरा बृहस्पति विद्या सदनलाई जानकारी गराई भाडा वृद्धि गर्न अनुरोध गर्दा उक्त विद्यालयबाट सम्झौता बमोजिमको भाडा रकम बुझाईरहेको र सो बाहेक थप भाडा वृद्धि गर्न असमर्थ रहेको भनी लिखित जानकारी गराएकोले उक्त विद्यालयसँग गरिएको करार एकतर्फी रुपमा भंग गरिएकोमा विवाद श्रृजना भई सम्मानित पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालत समेतमा मुद्दा परी सम्मानित अदालतहरुबाट मध्यस्थकर्ता नियुक्त गरी विवादको समाधान गर्नु भनी भएको आदेश अनुसार दुबै संस्था बिच मध्यस्थता गरी पुराना सम्झौताहरुमा भएको भाडा रकमलाई समयानुकुल रुपमा संशोधन गरी थप प्रावधानहरु समेत राखी संशोधन सहितको पुरक सम्झौता गरिएको हो । कुनै किसिमको दुषित मनसायले सम्झौता गरिएको होईन । मिसिल संलग्न नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) का बिचमा मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको प्रतिलिपी देखाउँदा देखि पाएँ । उक्त पुरक सम्झौताको साक्षीको महलमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो । मैंले नै गरेको हुँ । हेरी चिनी सनाखत समेत गरी दिएँ । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको उल्लेखित पूरक सम्झौताको बुँदा नं. २.४ मा "बृहस्पति विद्या सदनले बहालमा लिएको जग्गा र निर्माण गर्ने भौतिक संरचनालाई सम्बन्धित कर्जा प्रदायक संस्थामा बृहस्पति विद्या सदनले सो सम्झौता अवधिको लागि प्रचलित कानून बमोजिम

सुरक्षण, लिएन (Lien) मा राख्न सक्नेछ" भन्ने समेतको व्यहोरा उल्लेख भएको सम्बन्धमा प्रचलित कानून बमोजिम सुरक्षणमा राख्न सक्ने उल्लेख गरिएको हो, गलत मनसायका साथ सम्झौतामा उक्त बुँदा राखिएको होईन । नेपाल बाल संगठनले सम्झौता गरी भाडामा दिएको जग्गा बृहस्पति विद्या सदनले धितोमा राखी कुनै बैंक वा वित्तिय संस्थाबाट ऋण लिए नलिए सम्बन्धमा मलाई जानकारी भएन । प्रस्तुत सम्झौता पुराना सम्झौताहरुको निरन्तरता भएको र सम्मानित अदालतहरुबाट समेत भएको मध्यस्थता सम्बन्धी आदेश भएको हुँदा राष्ट्रिय समाचार पत्रहरुमा सूचना प्रकाशित नगरिएको हो भन्ने समेत ब्यहोराको को बयान ।

**च. प्रतिवादी प्रचण्ड राज प्रधानको बयान व्यहोराः**

२०४९ सालबाट २१३२ सालसम्मको लागि करिब ८३ वर्षसम्मको लागी भाडामा दिएको मलाई थाहा, जानकारी छैन । २०४९ सालमा ३ वर्षको लागी भाडामा दिएकोमा २०५२ सालदेखि २०५३ साल सम्म १ वर्ष थप मितिः २०५२/११/०१ को नेपाल बाल संगठनको कार्यसमितिको निर्णय अनुसार भएको जस्तो लाग्छ । सो पश्चात मितिः २०५३/०९/२२ गतेको नेपाल बाल संगठनको कार्यसमितिको निर्णय नं. १ अनुसार मितिः २०६१/१०/०९ सम्म ८ वर्षको लागी भएको सम्झौता नेपाल बाल संगठनको महासचिवको हैसियतले मैंले हस्ताक्षर गरेको हुँ । मितिः २०५३/०९/२९ गते गरेको सम्झौता मितिः २०५८/०२/०८ गते नेपाल बाल संगठन र बृहस्पति बिद्या सदनले सम्झौता गरी खारेज गरेको हो । जाहेरी दरखास्तमा उल्लेख गरेको ८३ वर्षसम्मको सम्झौताको बारेमा म जानकार छैन । नेपाल बाल संगठनको कार्यविधि तथा निर्देशिका, २०६८ को बारेमा मलाई कुनै जानकारी छैन । नेपाल बाल संगठनलाई अहित हुने कुनै पनि काम मैंले जानी बुझि गरेको छैन । विधान अन्तर्गत रही गर्नु पर्ने काम गरेको थिएँ । मैंले जाहेरी दरखास्तमा उल्लेख गरे बमोजिम नेपाल बाल संगठन र यस संगठनमा आश्रित बालबालिकाहरुले सम्पत्ति उपभोग गर्ने तथा बाल अधिकार उपभोग गर्ने अधिकारलाई सदाका लागि समाप्त पार्ने गरी नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान पुऱ्याउने गरि अपारदर्शी ढंगले कुनै सम्झौता गरेको छैन । जाहेरी दरखास्तमा उल्लेखित ब्यहोरा झुठो हो । सम्झौता तथा सम्झौता संसोधन सम्बन्धमा लेखिएको पत्रको प्रतिलिपी देखाउँदा देखी पाएँ । उक्त सम्झौता तथा पत्रमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो । मितिः२०४९/१०/२७ मा भएको सम्झौता मितिः २०५२/११/१ देखी समाप्त भएको सन्दर्भमा बृहस्पति बिद्या सदनबाट अनुरोध भए अनुसार मितिः २०५२/११/६ गतेको केन्द्रीय कार्य समितिको निर्णय नं. २ अनुसार " यस संगठन र बृहस्पति विद्या सदनबिच मितिः २०४९/१०/२७ मा सम्पन्न सम्झौताको म्याद यहि २०५२ माघ मसान्तमा समाप्त भएको र सो संझौताको म्याद थपको लागी बृहस्पति बिद्यासदनबाट अनुरोध भई आएको सम्बन्धमा छलफल हुँदा बहाल रकम मासिक १ लाख २५ हजार निर्धारण गरी मितिः २०५२/११/१ देखी मितिः २०५३/१०/१० गते सम्मको लागि अवधि थप गरी अरु विषयमा मितिः २०४९/१०/२७ कै सम्झौता अनुसार गर्ने निर्णय गरियो । यस विषयमा बृहस्पति बिद्या सदनलाई मन्जुर नभए सो सम्झौताको अवधि थप नगर्ने निर्णय गरियो । यसरी यो निर्णयले मासिक ५० हजारको सट्टा १ लाख २५ हजार पुऱ्याएर बाल संगठनलाई आर्थिक लाभ हुने गरी उक्त सम्झौता गरे भएको हो । मितिः २०५३/९/२९ गते भएको

सम्झौता मितिः २०५३/०९/२२ गतेको कार्य समितिको बैठकबाट गरिएको थियो। जसको निर्णय नं.१ मा "यस नेपाल बाल संगठन र बृहस्पति बिद्या सदन बिच मितिः २०४९/१०/२७ मा सम्पन्न सम्झौता पत्रको अवधि मितिः २०५२/११/०१ मा समाप्त भई पुनः २०५३/१०/१० सम्मको लागि सम्झौता अवधि थप भएको र बृहस्पति विद्या सदनले २०५३ साल पौषमा बहाल सम्झौताको अवधि बढाई पाउँ भनी यस संगठन समक्ष लिखित प्रस्ताब पेश गरेकोमा छलफल हुँदा मितिः २०४९/१०/२७ को सम्झौतामा उल्लेखित घर जग्गा प्रति महिना १ लाख ५० हजार बहाल लिने गरी बृहस्पति विद्या सदनलाई नै दिने र प्रत्येक वर्ष १०% का दरले बहालमा वृद्धी गर्ने गरी सम्झौता गर्ने र बहाल रकम प्रत्येक ३ महिनाको अग्रिम भुक्तानी लिने गरी ८ वर्षको लागि बहालमा दिने निर्णय भएकोले यस सम्बन्धमा निम्न अनुसारको शर्तहरु समेत समावेश हुने गरी बृहस्पति बिद्या सदनसँग सम्झौता गर्न महासचिव प्रचण्डराज प्रधानलाई अख्तियार प्रदान गर्ने निर्णय गरियो"। मुलतः शर्तहरुमा बृहस्पति बिद्या सदनले निर्माण गर्ने स्थायी संरचना बृहस्पति विद्या सदनले उठाएर लान नपाउने भन्ने थियो। यी सम्झौताहरुबाट नेपाल बाल संगठनलाई फाईदा बाहेक कुनै हानी नोक्सानी भए जस्तो लाग्दैन। मैंले महासचिवको हैसियतले विधान अनुसार कार्य समितिको निर्णयहरुलाई कार्यान्वयन गर्ने सम्बन्धमा पदिय हैसियत अनुसार अख्तियार प्राप्त गरी सम्झौताहरुमा हस्ताक्षर गरेको हुँ। कुनै व्यक्तिगत निर्णयका आधारमा मनोमानी ढङ्गले कुनै पनि प्रकारको ब्यक्तिगत लाभ नलिई संगठनको हितमा गरेको काम कारबाहीको दोष वा सजाय भोग्नु पर्ने होईन। फेरी उक्त सम्झौता नेपाल बाल संगठन र बृहस्पति बिद्या सदनले मितिः २०६१/१०/०९ सम्मको समयावधि छँदा छँदै मितिः २०५८/०२/०८ गते अर्थात ४ वर्ष ४ महिनामै खारेज गरेको थियो। यसरी उक्त सम्झौता विशुद्द बालबालिकाको हितको लागि गरिएको हो, यसमा कुनै दुषित मनसाय थिएन भन्ने समेत ब्यहोराको बयान।

**छ. प्रतिवादी राम काजी गुरुङ (कोने) को बयान ब्यहोराः-**

म २०५६ साल देखी २०५८ सालसम्म नेपाल बाल संगठनको कोषाध्यक्ष र २०५९ देखी २०६० सालसम्म नेपाल बाल संगठनको महासचिवको रुपमा कार्यरत रहेको थिएँ। जसरी अरु सम्पूर्ण सदस्य, अध्यक्षको जे जस्तो हैसियत रहेको थियो। मेरो पनि सोही किसिमको हैसियत नेपाल बाल संगठनमा रहेको थियो। म २०५६ सालबाटमात्र नेपाल बाल संगठनमा प्रवेश गरी २०५६ सालदेखि २०५८ साल सम्म नेपाल बाल संगठनको कोषाध्यक्ष र २०५९ देखी २०६० सालसम्म नेपाल बाल संगठनको महासचिवको रुपमा कार्यरत रहेको हुँदा सो भन्दा अगाडिको सम्झौताको बारेमा तथा मैंले बाल संगठन छोडे पश्चात भएको सम्झौताको बारेमा मलाई केही थाहा छैन। म बाल संगठनमा कार्यरत रहेको समयमा नेपाल बाल संगठनमा आर्थिक समस्या भएकोले एउटा नियमित आय स्रोत जुटाउने उदेश्यका साथ भाडामा दिने सम्झौता भएको हुनुपर्छ। यसमा मेरो कुनै व्यक्तिगत स्वार्थ वा बदनियत रहेको थिएन। जाहेरी दरखास्तमा उल्लेखित ब्यहोरा झुठो हो। बाल संगठनको प्रावधान अनुसार रु.५१,०००।- बाल संगठनमा जम्मा गराई १ जना बच्चालाई प्रायोजन गर्ने ब्यवस्था अनुसार मैंले मेरो कार्यकालमा मेरो व्यक्तिगत चिनाजानी र आफन्तहरुलाई सो रकम जम्मा गर्न लगाई प्रेरित गरी केही बच्चाहरुलाई प्रायोजित गरेको थिएँ। मैंले बालबालिकाको नैतिक र आध्यात्मिक मुल्य मान्यता बढोस् भनी

संगठनको प्राङगणमा भगवान श्रीकृष्णको मन्दिर निर्माण गर्नको लागी प्रायोजन गराएको थिएँ । मैले बाल संगठनको कुनै बैठक भत्ता समेत लिएको छैन । मिसिल संलग्न नेपाल बाल संगठन र बृहस्पति विद्यासदनका बिचमा मितिः २०५९/०५/११ गते भएको सम्झौता पत्रको प्रतिलिपी देखाउँदा देखी पाएँ । उक्त सम्झौतामा नेपाल बाल संगठनका तर्फबाट अख्तियार प्राप्त ऐ. का महासचिव रामकाजी कोने लेखिएको सामुन्ने भएको दस्तखत मेरो हो । मैंले नै गरेको हुँ । हेरी चिनी सनाखत समेत गरी दिएँ । नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) का बिचमा नेपाल बाल संगठनको स्वामित्वमा रहेको १४-९-०-० जग्गा बृहस्पति विद्यासदनले प्रयोग गरे बापत वार्षिक रु.३०,००,०००/- (तीस लाख) बहाल तिर्ने व्यवस्था रहेको र मितिः २०५९/०५/११ गते भएको सम्झौता पत्र अनुसार सोही स्थानको १३-१२-१-० जग्गा वार्षिक रु.६,००,०००/- (छ लाख) बहाल तिर्ने व्यवस्था गरेको भन्ने सम्वन्धमा मितिः २०५८/०२/०८ गते भएको सम्झौता पत्र अनुसार बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) ले नेपाल बाल संगठनको जग्गा तथा भवन लगायतका भौतिक संरचनाहरु (भवन/टहरा) प्रयोग गर्ने गरी सम्झौता भएको हुँदा मितिः २०५८/०२/०८ गते भएको सम्झौता पत्र अनुसार स्वभावैले भाडा बढी पाएको हो भने मितिः २०५९/०५/११ गते भएको सम्झौता पत्र अनुसार सोही स्थानको १३-१२-१-० जग्गा वार्षिक रु.६,००,०००/- (छ लाख) बहाल पाउने गरी सम्झौता गर्नुको कारण नेपाल संगठनको खाली जग्गा मात्र भाडामा दिएको कारण वार्षिक भाडा कम हुन गएको हो । सो कुरा मितिः २०५९/०५/११ गतेको सम्झौता पत्रको बुँदा नं. ७ मा समेत उल्लेख रहेको छ भन्ने समेत ब्यहोराको बयान ।

**ज. प्रतिवादी दिपकदास श्रेष्ठको बयान ब्यहोराः-**

यकिन मिति याद भएन, २०७२ सालको ज्येष्ठ महिनादेखि २०७४ सालको अन्तिमसम्म नेपाल बाल संगठनको उपकोषाध्यक्ष पदमा कार्यरत रहे जस्तो लाग्छ । नेपाल बाल संगठनको कोषाध्यक्षको अनुपस्थितिमा उपकोषाध्यक्षको हैसियतले बालसंगठनको दैनिक आर्थिक कार्य संचालन गर्ने गराउने लगायतको जिम्मेवारी थियो । नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) का बिचमा मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौता गर्दाको बखतमा पुराना सम्झौताहरु हेर्दा मितिः २०५८/२/८ मा नेपाल बाल संगठनको स्वामित्वमा रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ नक्साल स्थित जग्गा मध्ये १४-९-०-० (चौध रोपनी नौ आना) जग्गा वार्षिक रु. ३०,००,०००/- (तीस लाख) र मितिः २०५९/५/११ गते १३-१२-१-० (तेह्र रोपनी बाह आना एक पैसा) जग्गा वार्षिक रु. ६,००,०००/- (छ लाख) बहाल लिने गरी बृहस्पति विद्या सदनलाई ३० (तीस) वर्षको लागि सम्झौता गरी लिज भाडामा दिईएको रहेछ । यसरी भाडामा दिंदा प्रति वर्ग फिट रु.१/९४ (एक रुपैया चौरानब्बे पैसा) भाडा दर कायम भएको रहेछ जबकी मितिः २०७२/०४/०३ गते पुरक सम्झौता गर्दा प्रति वर्ग फिट रु.६/१० (छ रुपैया दश पैसा) भाडा दर कायम हुने गरी उल्लेखित जग्गाको वार्षिक भाडा रु.१,१३,००,०००/- (एक करोड तेह्र लाख) नेपाल बाल संगठनले प्राप्त गर्ने गरी जग्गाको लिज भाडामा लिने दिने सम्बन्धमा संशोधन सहितको पुरक सम्झौता गरिएको हो । यसरी सम्झौता गर्दा संस्थालाई क्षति पुऱ्याउने दुषित मनसाय

राखी गरेको नभई सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटन समेतबाट विभिन्न मितिमा भएको फैसला/आदेश बमोजिम मध्यस्थता कायम गरी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनात्मक आदेश, सार्वजनिक लेखा समितिको निर्देशन, राष्ट्रिय योजना आयोग र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल बाल संगठनमा आश्रित बालबालिकाको सर्वोपरी हितलाई ध्यानमा राखी कार्य योजना पेश गर्न निर्देशन दिए मुताबिक नेपाल बाल संगठनले माथि उल्लेखित संस्थाहरुमा कार्य योजना पेश समेत गरी आर्थिक दुर्बलताले गाँजिएको नेपाल बाल संगठनलाई केहि हदसम्म भने पनि बाल मन्दिरको स्वामित्वमा रहेको जग्गाको अधिकतम उपयोग गरी लिज भाडा मार्फत सम्बोधन गरिएको हो । बाल मन्दीरकोअल्पकालिन र दिर्घकालिन समस्याको समाधानार्थ माथि उल्लेखित तवरबाट सम्झौता गरिएको हो । नेपाल बाल संगठन र बृहस्पति विद्या सदन बिच चलेका सम्पूर्ण विवादहरु समेत निमिट्यान्न भई जाने हुँदा पुरक सम्झौता गरिएको हो । मिसिल संलग्न नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) का बिचमा मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको प्रतिलिपी देखाउँदा देखी पाएँ । उक्त सम्झौताको साक्षीको महलमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो । मैंले नै गरेको हुँ । हेरी चिनी सनाखत समेत गरी दिएँ, उक्त सम्झौता गर्नु अघि नेपाल बाल संगठनको कार्य समिति बैठकमा छलफल भई सम्झौता गर्ने निर्णय भएको थियो । सोही निर्णय मुताबिक उक्त सम्झौता गरिएको हो । नेपाल बाल संगठनमा कानूनी सल्लाहकार रहने व्यवस्था भएको र कुनै पनि काम गर्नु अघि कानूनी सल्लाहकारसँग समेत छलफल गर्ने गरेका कारण कानूनको बर्खिलाप कार्य भए जस्तो लाग्दैन । प्रस्तुत सम्झौता बृहस्पति विद्या सदनसँग भएको पुरानो सम्झौताको निरन्तरताको रुपमा भएको कारण सार्वजनिक सूचना आव्हान नगरेको जस्तो लाग्छ । तत्कालिन अवस्थामा कानूनी सल्लाहकार को थिएँ । लामो समय भएका कारण मलाई याद भएन, अमुक व्यक्ति वा संस्थालाई लाभ पुऱ्याउने दुषित मनसाय राखी सम्झौता गरेको नभई तत्कालिन बाल मन्दिरमा आश्रीत बालबालीकाहरुको सर्वोपरी हितलाई ध्यानमा राखी र महाभूकम्पको कारणले गर्दा भवन समेत लथालिंग र बालबालिकालाई दैनिक गुजारा टार्न, त्यहाँ कार्यरत कर्मचारीहरुको सेवा सुविधा बक्यौता समेत उपलब्ध गराउनका लागि पुरक सम्झौता गरेको हो । उक्त सम्झौता गरे वापत म समेतले कोही कसैबाट आर्थिक वा अन्य लाभ समेत प्राप्त गरेको छैन, नेपाल बाल संगठनको तत्कालिन कार्य समितिको बैठकबाट निर्णय भए बमोजिम बृहस्पति विद्या सदनसँग नेपाल बाल संगठनको अध्यक्षले गरेको पुरक सम्झौतामा उप कोषाध्यक्षको हैसियतले साक्षीको महलमा हस्ताक्षर गरेको हुँ । थप मलाई केही थाहा छैन भन्ने समेत व्यहोराको बयान ।

**झ. प्रतिवादी प्रविण राज जोशीको बयान व्यहोराः-**

म साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा वि.सं. २०६३ सालदेखि शैक्षिक निर्देशकको रुपमा कार्यरत रहेको थिएँ । सो पश्चात २०७२ सालदेखि बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.को संचालक समितिको सदस्यको हैसियतमा रहेको छु । म २०६३ साल भन्दा अगाडि म बिदेशमा रहेको थिएँ । सो भन्दा अगाडी भएको सम्झौताको

सम्बन्धमा मलाई केही थाहा छैन । २०७२ सालको श्रावण ३ गते नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) का बिचमा भएको संशोधन सहितको पूरक सम्झौता २०७२ मा मैंले संचालक समितिको सदस्यको हैसियतले साक्षीको रुपमा दस्तखत गरेको थिएँ । उक्त सम्झौतामा दुबै पक्ष बिचमा भएको मितिः २०५८/०२/०८ र मितिः २०५९/०५/११ को बहाल सम्झौताको भाडादरमा असमान भएको हुँदा समयानुकुल बहाल दरमा बढाउने लगायतको सम्झौता भएको थियो । नेपाल बाल संगठनसँग भएको सम्झौता अनुसार सम्झौतामा तोकिएको रकम तोकिएको समयमा बुझाई विद्यालय संचालन गरिएको हुँदा यसमा नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान पुऱ्याउने गरी अपारदर्शी ढंगले सम्झौता गरिएको होईन । यसरी दुवै पक्षबीच भएको सम्झौताको बुँदाहरु अक्षरशः पालना भएको अवस्थामा हामीले ठगी गरेको होईन । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको प्रतिलिपी देखाउँदा देखी पाएँ । उक्त पूरक सम्झौतापत्रको साक्षीको महलमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो । हाल उक्त जग्गा सुरक्षणमा राखी कुनै बैंक वा वित्तिय संस्था समेतबाट कर्जा लिईएको छैन । उल्लेखित नेपाल बाल संगठन कार्यविधि तथा निर्देशिका, २०६८ जारी हुनु अघि नेपाल बाल संगठनको जग्गा, भवन समेत भाडामा दिंदा राष्ट्रिय समाचार पत्रमा सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था नभएकोले सोही अनुसार नेपाल बाल संगठनको कार्य समितिबाट निर्णय भई सम्झौता गरिएको हुनुपर्छ । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको सम्बन्धमा उक्त सम्झौता नेपाल बाल संगठन र बृहस्पति विद्या सदन बिच पुराना मितिहरुमा भएको सम्झौताको निरन्तरता भएकाले उक्त प्रकृया पूरा नगरिएको हुनु पर्छ । सो सम्बन्धमा नेपाल बाल संगठनका तत्कालिन पदाधिकारीहरुलाई नै जानकारी होला भन्ने समेत व्यहोराको बयान ।

**ञ. प्रतिवादी मुरारी निधि तिवारीको बयान व्यहोराः-**

म वि.सं. २०४१ सालदेखि २०६७ सालसम्म बृहस्पति विद्या सदनमा प्रमुख प्रशासकको पदमा कार्यरत रहेकोमा ५८ वर्ष उमेर पुगी उक्त विद्यासदनबाट अवकाश पाए पश्चात ७% शेयर धनीको हैसियतले उक्त विद्यालयको संचालकको रुपमा कार्यरत थिएँ । २०७४ सालमा आफ्नो शेयर बिक्री गरी उक्त विद्यालयको सम्पूर्ण जिमेवारीबाट मुक्त भएको हुँ । वि.सं. २०४१/२०४२ सालदेखि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ नक्सालमा संचालन हुँदै आएको बृहस्पति विद्या सदनलाई विद्यालय संचालनको लागि नजिकै जग्गा आवश्यक परेकोले लिजमा जग्गा खोजी गर्दाको अवस्थामा नेपाल बाल संगठन, बाल मन्दिरको स्वामित्वमा रहेको खाली जग्गा लिजमा दिने भनी उक्त संगठनबाट निर्णय भएको जानकारी पाएकाले २०४९ सालमा संगठनसँग सम्झौता गरी ९-०-०-० (नौ रोपनी जग्गा भाडामा लिई विद्यालय संचालन गरी आएकोमा उक्त संगठनसँग समय सापेक्ष रुपमा बहाल रकम वृद्धि गरी समय समयमा सम्झौता नविकरण र पुरक सम्झौता समेत गरी उक्त संगठनको नाममा रहेको जाहेरीमा उल्लेखित जग्गा बृहस्पति विद्या सदनले विद्यालय संचालन प्रयोजनका लागि प्रयोग गर्दै आएको हो । नेपाल बाल संगठनसँग भएको सम्झौता अनुसार सम्झौतामा तोकिएको रकम तोकिएको समयमा बुझाई विद्यालय संचालन गरिएको हुँदा यसमा नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान पुऱ्याउने गरी अपारदर्शी ढंगले सम्झौता गरिएको होईन । यसरी दुवै पक्ष बिच भएको सम्झौताको

बुँदाहरु अक्षरशः पालना भएको अवस्थामा हामीले ठगी गरेको होईन । मिसिल संलग्न नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.(बृहस्पति विद्यासदन)का बिचमा मितिः २०४९/१०/२७ गते भएको घर जग्गा बहाल सम्झौता पत्र, मितिः २०५८/०२/०८ गते भएको सम्झौता पत्र, मितिः २०५९/०५/११ गते भएको सम्झौता पत्र र मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको प्रतिलिपी देखाउँदा देखि पाएँ । उक्त सम्झौताहरुको साक्षीको महलमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो । मैंले नै गरेको हुँ । हेरी चिनी सनाखत समेत गरी दिएँ । तत्कालिन अवस्थामा उल्लेखित १३-१२-१-० जग्गामा पहुँच मार्ग समेत नरहेको, झाडी र खाल्टा खुल्टी भई प्रयोग विहिन अवस्थामा रहेको थियो । यसरी प्रयोग विहिन अवस्थामा रहेको जग्गा बहालमा लिई दिन भनी नेपाल बाल संगठनका तत्कालिन पदाधिकारीहरुबाट मौखिक अनुरोध भएकाले उक्त जग्गा सफाई गरी खाल्टा खुल्टी पुरी खेल मैदानको रुपमा प्रयोग गर्न सकिने देखिएकोले वार्षिक रु.६,००,०००/- (छ लाख) बहाल तिर्ने गरी सम्झौता गरी विद्यालयले लिजमा लिएको हो । उक्त लिजमा लिँदा कोही कसैलाई अनुचित प्रभावमा पारी लिईएको होईन । नेपाल बाल संगठनलाई समेत केहि रकम आम्दानी हुने तथा विद्यालयलाई समेत खेल मैदान हुने भएकाले दुवै पक्षको सहमतिमा सम्झौता गरी उक्त जग्गा बहालमा लिईएको हो । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको उल्लेखित पूरक सम्झौताको बुँदा नं. २.४ मा "बृहस्पति विद्या सदनले बहालमा लिएको जग्गा र निर्माण गर्ने भौतिक संरचनालाई सम्बन्धित कर्जा प्रदायक संस्थामा बृहस्पति विद्या सदनले सो सम्झौता अवधिको लागि प्रचलित कानून बमोजिम सुरक्षण, लिएन (Lien) मा राख्न सक्नेछ" भन्ने समेतको व्यहोरा उल्लेख भएको सम्बन्धमा तत्कालिन अवस्थामा वृहस्पति विद्या सदनलाई विद्यालय संचालन प्रयोजनका लागि कर्जा आवश्यक परेमा नेपाल बाल संगठनको अधिकारमा प्रतिकुल असर नपर्ने गरी कर्जा लिने प्रयोजनका लागि सम्झौतामा उक्त बुँदा राखिएको हुन सक्छ । उक्त सम्झौतामा म साक्षी मात्र बसेकाले थप कुरा मलाई जानकारी भएन । म उक्त विद्यालयको सञ्चालक पदमा बहाल रहँदाको अवस्थासम्म उक्त जग्गा धितो राखी कहिँ कतैबाट कर्जा लिईएको थिएन । मैंले संचालक पद लगायतका विद्यालयका सम्पूर्ण जिम्मेवारी छाडी सके पश्चात कर्जा लिईएको भए मलाई थाहा जानकारी भएन । मितिः २०५९/५/११ मा नेपाल बालसंगठनसँग वार्षिक रु. ६,००,०००/- (छ लाख) भाडा तिर्ने र प्रत्येक ५ वर्षमा ५% भाडा वृद्धि समेत हुने गरी ३० वर्षका लागि सम्झौता गरी बृहस्पति विद्या सदनले बाल संगठनको जग्गा प्रयोग गर्दै आएकोमा सोको ७ वर्ष पश्चात २०६६ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट एउटै कित्ताको जग्गामा असमान भाडादरमा सम्झौता गरेको नियम सम्मत नभएको भनी पत्राचार भएकाले भाडा बढाउन सक्ने नसक्ने के हो ? भनी बाल संगठनबाट बृहस्पति विद्या सदनलाई पत्राचार हुँदा बृहस्पतिले भाडा बढाउन नसकिने भनी जवाफ दिए पश्चात मितिः २०६६/९/३० मा नेपाल बाल संगठनले एकतर्फी रुपमा सम्झौता भंग गरेको जानकारी गराई मितिः २०६६/१२/३० गते तरुण निर्माण सेवालाई उक्त जग्गा भाडामा दिएको हुँदा खाली गराई दिनु भनी जानकारी गराएकाले सो उपर तत्कालिन पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालत समेतमा मुद्दा परी अदालतको आदेशानुसार मध्यस्थकर्ता नियुक्त गरी दुवै पक्षको सञ्चालको समितिको

निर्णयानुसार भाडा दर, समयावधि र बृहत अचल भौतिक संरचना बनाउने सहितका बुँदाहरु थप तथा परिमार्जन गरी संशोधन सहितको पुरक सम्झौता गरिएको हो। कुनै किसिमको दुषित मनसाय राखिएको होईन भन्ने समेत व्यहोराको बयान।

**ट. प्रतिवादी पुरुषोत्तम राज जोशीको बयान ब्यहोराः-**

म साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा वि.सं. २०४१ देखि प्रमुख संस्थापकको हैसियतमा रहेकोमा हाल उक्त प्रा.लि.को अध्यक्षको हैसियतमा रहेको छु। अध्यक्षको हैसियतमा मैंले विद्यालयको समग्र व्यवस्थापन हेर्ने, आवश्यकता अनुसार बैठक बोलाई विद्यालयको हितमा कार्यक्रम संचालन गर्ने गराउने र विद्यालयमा कार्यरत कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरुको वृत्ति विकास समेतका काम गराउने कार्य गर्दछु। वि.सं.२०४१ सालदेखि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १ नक्सालमा संचालन हुँदै आएको बृहस्पति विद्या सदनलाई विद्यालय संचालनको लागि नजिकै जग्गा आवश्यक परेकोले लिजमा जग्गा खोजी गर्दाको अवस्थामा नेपाल बाल संगठन, बाल मन्दिरको स्वामित्वमा रहेको खाली जग्गा लिजमा दिने भनी उक्त संगठनबाट निर्णय भएको जानकारी पाएकाले २०४९ सालमा संगठनसँग सम्झौता गरी ९-०-०-० (नौ रोपनी जग्गा भाडामा लिई विद्यालय संचालन गरी आएकोमा उक्त संगठनसँग समय सापेक्ष रुपमा बहाल रकम वृद्धि गरी समय समयमा सम्झौता नविकरण र पुरक सम्झौता समेत गरी उक्त संगठनको नाममा रहेको जाहेरीमा उल्लेखित जग्गा बृहस्पति विद्या सदनले विद्यालय संचालन प्रयोजनका लागि प्रयोग गर्दै आएको हो। नेपाल बाल संगठन सँग भएको सम्झौता अनुसार सम्झौतामा तोकिएको रकम तोकिएको समयमा बुझाई विद्यालय संचालन गरिएको हुँदा यसमा नेपाल बाल संगठनको सम्पत्तिमा नोक्सान पुर्‍याउने गरी अपारदर्शी ढंगले सम्झौता गरिएको होईन। यसरी दुवै पक्ष बिच भएको सम्झौताको बुँदाहरु अक्षरशः पालना भएको अवस्थामा हामीले ठगी गरेको होईन। मिसिल संलग्न नेपाल बाल संगठन र बृहस्पत बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) का बिचमा मितिः २०४९/१०/२७ गते भएको घर जग्गा बहाल सम्झौता पत्र, मितिः २०५३/०९/२९ गते भएको सम्झौता पत्र, मितिः २०५८/०२/०८ गते भएको सम्झौता पत्र, मितिः २०५९/०५/११ गते भएको सम्झौता पत्र र मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको प्रतिलिपी देखाउँदा देखि पाएँ। उक्त सम्झौताहरुमा मेरो नामको सामुन्ने भएको दस्तखत मेरो हो। मैंले नै गरेको हुँ। हेरी चिनी सनाखत समेत गरी दिएँ। नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्यासदन) का बिचमा मितिः २०५८/०२/०८ गते भएको सम्झौता पत्र अनुसार नेपाल बाल संगठनको स्वामित्वमा रहेको १४-९-०-० जग्गा बृहस्पति विद्यासदनले प्रयोग गरे बापत वार्षिक रु.३०,००,०००/- (तीस लाख) बहाल तिर्ने व्यवस्था भएको र बाँकी १३-१२-१-० जग्गामा सुगम पहुँच मार्ग समेत नरहेको, झाडी र खाल्टा खुल्टी भई प्रयोग विहिन अवस्थामा रहेको थियो। यसरी प्रयोग विहिन अवस्थामा रहेको जग्गा बहालमा लिई दिन भनि नेपाल बाल संगठनका तत्कालिन पदाधिकारीहरुबाट मौखिक अनुरोध भएकाले उक्त जग्गा सफाई गरी खाल्डा खुल्डी पुरी विद्यालयको खेल मैदानको रुपमा प्रयोग गर्न सकिने देखिएकोले वार्षिक रु.६,००,०००/- (छ लाख) बहाल तिर्ने गरी

सम्झौता गरी विद्यालयले लिजमा लिएको हो । उक्त लिजमा लिँदा कोही कसैलाई अनुचित प्रभावमा पारी लिईएको होईन । नेपाल बाल संगठनलाई समेत केहि रकम आम्दानी हुने तथा विद्यालयलाई समेत खेल मैदान हुने भएकाले दुवै पक्षको सहमतिमा सम्झौता गरी उक्त जग्गा बहालमा लिईएको हो । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको उल्लेखित पूरक सम्झौताको बुँदा नं. २.४ मा "बृहस्पति विद्या सदनले बहालमा लिएको जग्गा र निर्माण गर्ने भौतिक संरचनालाई सम्बन्धित कर्जा प्रदायक संस्थामा बृहस्पति विद्या सदनले सो सम्झौता अवधिको लागि प्रचलित कानून बमोजिम सुरक्षण, लिएन (Lien) मा राख्न सक्नेछ" भन्ने समेतको व्यहोरा उल्लेख भएको सम्बन्धमा तत्कालिन अवस्थामा वृहस्पति विद्या सदनलाई विद्यालय संचालन प्रयोजनका लागि कर्जा आवश्यक परेमा नेपाल बाल संगठनको अधिकारमा प्रतिकुल असर नपर्ने गरी कर्जा लिने प्रयोजनका लागि दुवै पक्षको सहमतिमा सम्झौतामा उक्त बुँदा राखिएको हो । हाल उक्त जग्गा सुरक्षणमा राखी कुनै बैंक वा वित्तिय संस्था समेतबाट कर्जा लिईएको छैन । नेपाल बाल संगठन कार्यविधि तथा निर्देशिका, २०६८ जारी हुनु अघि नेपाल बाल संगठनको जग्गा, भवन समेत भाडामा दिँदा राष्ट्रिय समाचार पत्रमा सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था नभएकोले सोही अनुसार नेपाल बाल संगठनको कार्य समितिबाट निर्णय भई सम्झौता गरिएको हुनुपर्छ । मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौताको सम्बन्धमा उक्त सम्झौता नेपाल बाल संगठन र बृहस्पति विद्या सदन बिच पुराना मितिहरुमा भएको सम्झौताको निरन्तरता भएकाले उक्त प्रकृया पुरा नगरिएको हुनुपर्छ । सो सम्बन्धमा नेपाल बाल संगठनका तत्कालिन पदाधिकारीहरुलाई नै जानकारी होला । मितिः२०५९/५/११ मा नेपाल बाल संगठनसँग वार्षिक रु.६,००,०००/- (छ लाख) भाडा तिर्ने र प्रत्येक ५ वर्षमा ५% भाडा वृद्धि समेत हुने गरी ३० वर्षका लागि सम्झौता गरी बृहस्पति विद्या सदनले बाल संगठनको जग्गा प्रयोग गर्दै आएकोमा सो को ७ वर्ष पश्चात २०६६ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट एउटै कित्ताको जग्गामा असमान भाडादरमा सम्झौता गरेको नियम सम्मत नभएको भनी पत्राचार भएकाले भाडा बढाउन सक्ने नसक्ने के हो ? भनी बाल संगठनबाट बृहस्पति विद्या सदनलाई पत्राचार हुँदा बृहस्पतिले भाडा बढाउन नसकिने भनी जवाफ दिए पश्चात मितिः २०६६/९/३० मा नेपाल बाल संगठनले एकतर्फी रुपमा सम्झौता भंग गरेको जानकारी गराई मितिः २०६६/१२/३० गते तरुण निर्माण सेवालाई उक्त जग्गा भाडामा दिएको हुँदा खाली गराई दिनु भनी जानकारी गराएकाले सो उपर तत्कालिन पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालत समेतमा मुद्दा परी अदालतको आदेशानुसार मध्यस्थकर्ता नियुक्त गरी दुवै पक्षको सञ्चालक समितिको निर्णयानुसार भाडा दर, समयावधी र बृहत अचल भौतिक संरचना बनाउने सहितका बुँदाहरु थप तथा परिमार्जन गरी संशोधन सहितको पुरक सम्झौता गरिएको हो । कुनै किसिमको दुषित मनसाय राखिएको होईन भन्ने समेत व्यहोराको बयान ।

**ठ. प्रतिवादी श्रद्धा संघाईको बयान व्यहोराः-**

म साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा मितिः २०७४/१०/०५ गते देखि मितिः २०७७/०७/१७ सम्म संचालक समितिको सदस्य रहेको थिएँ । म संचालक समितिको सदस्य हुनु भन्दा अगाडि भएको सम्झौताहरुको बारेमा मलाई केही पनि थाहा छैन

। म सञ्चालक समितिमा रहे तापनि म कुनै सक्रिय भुमिकामा रहेको थिईन । म केवल नाम मात्रको संचालक समितिको सदस्य रहेको थिएँ । मेरो आफन्तहरुको उक्त बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा लगानी रहेको हुँदा मलाई संचालक समितिमा राखिएको थियो । मलाई जाहेरी दरखास्तमा खुलाई लेखाए बमोजिम प्रचलित कानून विपरित करार सम्झौता गरी आपसी मिलेमतोमा रकम लिनुखानु गरी नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने र आफूलाई फाईदा हुने गरी ठगीको कसुर गरेको सम्वन्धमा केही थाहा छैन । हाल उक्त जग्गा सुरक्षणमा राखी कुनै बैंक वा वित्तिय संस्था समेतबाट कर्जा लिईएको, नलिएको सम्बन्धमा मलाई केही थाहा छैन । दुषित मनसायका साथ आफूलाई फाईदा पुग्ने र अरुलाई हानी पुग्ने गरी कार्य गर्नु कानून विपरीतको कार्य हो । कानून बमोजिम दण्डनीय हुन्छ भन्ने थाहा थियो । तर मैंले कुनै किसिमको दुषित मनसाय राखेको छैन । मैंले त्यस्तो कुनै सम्झौता गरेको पनि छैन भन्ने समेत व्यहोराको बयान ।

**ड. प्रतिवादी अभिनव सिंघानियाको बयान व्यहोरा :-**

यसमा मेरो भएको सहि सत्य व्यहोरा यो छ कि म समेत संचालक रहेको राई स्कुल २०७६ साल भन्दा अगाडि काठमाडौं जिल्ला जोरपाटी र ज्ञानेश्वरमा संचालन भई रहेको थियो । मितिः २०७६/०७/०१ गते साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.सँग सम्झौता गरी जग्गा भाडामा लिई नक्सालमा स्थानान्तरण गरी नक्सालबाट राई स्कुल संचालन गरिएको हो । राई स्कुलले साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.लाई सम्झौता बमोजिमको भाडा हालसम्म पनि दिई रहेको छ । म साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा २०७४ साल देखिमात्र आबद्ध भएको हौं । म संचालक समितिको सदस्य हुनु भन्दा अगाडि भएको सम्झौताहरुको बारेमा मलाई केही पनि थाहा छैन । मलाई जाहेरी दरखास्तमा खुलाई लेखाए बमोजिम प्रचलित कानून विपरित करार सम्झौता गरी आपसी मिलेमतोमा रकम लिनुखानु गरी नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने र आफूलाई फाईदा हुने गरी ठगीको कसुर गरेको सम्बन्धमा केही थाहा छैन । मैंले कोही कसैलाई ठगी गर्ने गरी कुनै सम्झौता गरेको छैन । हाल उक्त जग्गा सुरक्षणमा राखी कुनै बैंक वा वित्तिय संस्था समेतबाट कर्जा लिएको छैन । म आबद्ध हुनु भन्दा अगाडिको सम्बन्धमा मलाई केही थाहा छैन । दुषित मनसायका साथ आफूलाई फाईदा पुग्ने र अरुलाई हानी पुग्ने गरी कार्य गर्नु कानून विपरीतको कार्य हो । कानून बमोजिम दण्डनिय हुन्छ भन्ने थाहा थियो । तर मैंले कुनै किसिमको दुषित मनसाय राखेको छैन । मैंले त्यस्तो कुनै सम्झौता गरेको पनि छैन भन्ने समेत व्यहोराको बयान ।

**ढ. प्रतिवादी सिद्धार्थ केडियाको बयान व्यहोराः-**

यसमा मेरो भएको सहि सत्य व्यहोरा यो छ कि म समेत संचालक रहेको राई स्कुल २०७६ साल भन्दा अगाडि काठमाडौं जिल्ला जोरपाटी र ज्ञानेश्वरमा संचालन भई रहेको थियो । मितिः २०७६/०७/०१ गते साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.सँग सम्झौता गरी जग्गा भाडामा लिई नक्सालमा स्थानान्तरण गरी नक्सालबाट राई स्कुल संचालन गरिएको हो । राई स्कुलले साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.लाई सम्झौता

बमोजिमको भाडा हालसम्म पनि दिई रहेको छ । म साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा २०७४ साल देखिमात्र आबद्ध भएको हुँ । म संचालक समितिको सदस्य हुनु भन्दा अगाडि भएको सम्झौताहरुको बारेमा मलाई केही पनि थाहा छैन । मलाई जाहेरी दरखास्तमा खुलाई लेखाए बमोजिम प्रचलित कानून विपरित करार सम्झौता गरी आपसी मिलेमतोमा रकम लिनुखानु गरी नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने र आफूलाई फाईदा हुने गरी ठगीको कसुर गरेको सम्वन्धमा केही थाहा छैन । मैंले कोही कसैलाई ठगी गर्ने गरी कुनै सम्झौता गरेको छैन । हाल उक्त जग्गा सुरक्षणमा राखी कुनै बैंक वा वित्तिय संस्था समेतबाट कर्जा लिएको छैन । म आवद्ध हुनु भन्दा अगाडीको सम्बन्धमा मलाई केही थाहा छैन । दुषित मनसायका साथ आफूलाई फाईदा पुग्ने र अरुलाई हानी पुग्ने गरी कार्य गर्नु कानून विपरीतको कार्य हो । कानून बमोजिम दण्डनिय हुन्छ भन्ने थाहा थियो । तर मैंले कुनै किसिमको दुषित मनसाय राखेको छैन । मैंले त्यस्तो कुनै सम्झौता गरेको पनि छैन भन्ने समेत ब्यहोराको बयान ।

**ण. प्रतिवादी कीर्ति प्रसाद पाण्डेयको बयान व्यहोराः-**

म साविकको बृहस्पति विद्या सदन हालको बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.मा २०७७ साल देखिमात्र आबद्ध भएको हुँ । म संचालक समितिको सदस्य हुनु भन्दा अगाडि भएको सम्झौताहरुको बारेमा मलाई केही पनि थाहा छैन । मलाई जाहेरी दरखास्तमा खुलाई लेखाए बमोजिम प्रचलित कानून विपरीत करार सम्झौता गरी आपसी मिलेमतोमा रकम लिनुखानु गरी नेपाल बाल संगठनलाई करोडौं रकम नोक्सान हुने र आफूलाई फाईदा हुने गरी ठगीको कसुर गरेको सम्वन्धमा केही थाहा छैन । मैंले कोही कसैलाई ठगी गर्ने गरी कुनै सम्झौता गरेको छैन । हाल उक्त जग्गा सुरक्षणमा राखी कुनै बैंक वा वित्तिय संस्था समेतबाट कर्जा लिएको छैन । म आबद्ध हुनु भन्दा अगाडीको सम्बन्धमा मलाई केही थाहा छैन । दुषित मनसायका साथ आफूलाई फाईदा पुग्ने र अरुलाई हानी पुग्ने गरी कार्य गर्नु कानून विपरीतको कार्य हो र कानून बमोजिम दण्डनिय हुन्छ भन्ने थाहा थियो । तर मैंले कुनै किसिमको दुषित मनसाय राखेको छैन । मैंले त्यस्तो कुनै सम्झौता गरेको पनि छैन भन्ने समेत व्यहोराको बयान ।

**४. मिसिल संलग्न कागजातबाट देखिएका तथ्यहरुः**

क. प्रस्तुत मुद्दामा वि.सं.२०२१ सालमा अनाथ बालबालिकाको हित र कल्याणको लागि नेपाल बाल संगठनको स्थापना भएको र तत्कालिन सरकारले काठमाडौँ नक्साल स्थितमा रहेको १०२ रोपनी जग्गा र सिता महल समेत नेपाल बाल संगठन संचालनको लागि प्रदान गरी राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम नेपाल सरकारको स्वीकृति लिई विधान जारी भएको देखिन्छ ।

ख. नेपाल बाल संगठन अविछिन्न, उत्तराधिकारवाला, स्वशासित एवं संगठित संस्था हुने, संगठनको छुट्टै छाप र झण्डा हुने, यसले व्यक्ति सरह चल, अचल सम्पत्ति किन्न, बेच्न, आर्जन गर्न, ऋण, अनुदान, साहयता वा दान दातव्य लिन र भोग गर्न सक्ने तथा व्यक्ति सरह कसै उपर नालेश उजुर गर्न र यस

उपर नालेश वा उजुर लाग्न सक्ने छ भनी नेपाल बाल संगठनको विधान, २०४९ मा उल्लेख भएको देखिन्छ।

ग. नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) बिचमा नेपाल बाल संगठनको जग्गा भाडामा लिने दिने सम्बन्धमा विना प्रतिस्पर्धा कुनै सूचना प्रकाशित नगरी व्यक्तिगत निजी घरजग्गा जसरी मितिः २०४९/१०/२७, मितिः२०५२/१२/०४, २०५३ पौष, मितिः २०५८/२/८, मितिः २०५९/०५/११, मितिः २०७२/०२/२१ र मितिः २०७२/०४/०३ गतेमा समेत गरी पटक-पटक घरजग्गा बहालमा दिने र पूर्वाधार समेत निर्माण गर्नेगरी सम्झौता भएको देखिन्छ।

घ. नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) बिचमा मितिः २०७२/०२/२१ मा सम्झौता हुँदा पूर्व सम्झौताको अवधिमा ४३ वर्ष थप गर्ने उल्लेख भएकोमा मितिः २०७२।०४।०३ गते भएको अन्तिम जग्गा बहालमा दिने संशोधित सम्झौता अनुसार नेपाल बाल संगठनको हक भोगको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१ नक्साल स्थित कि नं ७६० क्षेत्रफल १४-९-०-० जग्गा मितिः २०५८।०२।०८ को सम्झौता बमोजिम र त्यसपछि १३-१२-१-० जग्गा मितिः २०५९।०५।११ गतेको सम्झौता बमोजिम बहालमा दिएकोमा यो पुरक सम्झौता भएको ४ वर्षको अवधि पुरा भए पछि उक्त दुवै कित्ताको जम्मा २८-५-१-० रोपनी जग्गाको प्रति वर्ग फिट मासिक रु.६।१० भाडा कायम गर्ने, मितिः२०५९।०५।११ गतेको सम्झौता बमोजिमको १३-१२-१-० रोपनी जग्गा फिर्ता गर्नु पूर्व सोमा निर्मित हुने भवन सहित रु. ५२,००,००,०००/- (बाउन्न करोड) को सम्पत्ति अभिवृद्धि बृहस्पति विद्या सदनले गर्नुपर्ने साथै मितिः २०५८/०२/०८ को सम्झौता बमोजिमको क्षेत्रफल १४-९-०-० रोपनी जग्गामा थप रकम रु. १,००,००,०००/- (एक करोड) मूल्य बराबरको भौतिक संरचना बृहस्पति विधा सदनले निर्माण गर्नु पर्ने भन्ने समेत सर्तहरु उल्लेख भई नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) बिचमा अन्तिम पटक मितिः २०७२।०४।०३ मा जग्गा बहालमा पूर्व सम्झौताको अवधिमा थप ३८ वर्ष कायम हुने गरी सम्झौता भएको देखिन्छ।

ङ. बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) को भोगमा रहेको विद्यालय परिसर भित्रको पश्चिम तर्फको ५ तले भवन २०७६ साल माघ १ देखि लागु हुने विक्रम सम्बत् २१२७ सम्मको लागि मासिक बहाल रकम कर समेत रु.१,००,०००।- (एक लाख) कायम गरी राय स्कुललाई बहालमा दिने भनी २०७६ साल कार्तिक १ मा घर भाडा (Sublease) सम्झौता भएको देखिन्छ।

च. नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) बिचमा नेपाल बाल संगठनको जग्गा भाडामा लिने सम्बन्धमा विभिन्न विवाद तथा मुद्दा समेत परेको देखिन्छ ।

छ. घर जग्गा भाडा समेतको विषयमा नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) बीच मितिः २०५९/०५/११ मा ३० वर्षका लागि सम्झौता गरेकोमा सो अवधि पूरा नहुँदै मितिः २०७२/०२/२१ मा पूर्व सम्झौताको अवधिमा थप ४३ कायम गर्ने उल्लेख गरेकोमा मितिः २०७२/०४/०३ मा पहिलेको अवधि समाप्त भए पछि गणना हुने गरी पूर्व सम्झौताको अवधिमा थप ३८ वर्षका अवधि कायम गर्ने गरी सम्झौता गरेको देखिन्छ ।

**अभियुक्त उपरको अभियोग**

प्रस्तुत मुद्दामा नेपाल प्रहरी प्रधान कार्यालय, केन्दीय अनुसन्धान व्युरो, लाजिम्पाट, काठमाडौंबाट अनुसन्धान सम्पन्न गरी रायसाथ निर्णयार्थ पेश हुन आएको  पेश भएको मिसिल संलग्न केन्द्रीय अनुसन्धान व्युरोमा नेपाल बाल संगठन बालमन्दिर नक्सालको तर्फबाट अख्तियार प्राप्त केन्द्रिय सदस्य मोहन प्रसाद भट्टराईको मितिः २०८१/०१/२६ मा दर्ता भएको जाहेरी दरखास्त, जाहेरी दरखास्त दर्ता भए पश्चात अनुसन्धान गर्ने अनुमतिको लागि प्रहरी महानिरीक्षक समक्ष केन्द्रीय अनुसन्धान व्युरोले लेखेको पत्र र सोमा अनुसन्धान गर्न प्राप्त अनुमति, मिसिल साथ संलग्न विभिन्न मितिका बृहस्पति विद्या सदन स्कुल र नेपाल बाल संगठन बीच भएका सम्झौताहरु, बृहस्पति विद्या सदन स्कुल र राई स्कूल बीच भएको सम्झौता, अभियुक्तहरु तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्ण शंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ कोने, दिपकदास श्रेष्ठ, प्रविण  राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा  संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, कीर्ति प्रसाद पाण्डेय समेतले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान समेतका मिसिल संलग्न आधार प्रमाणबाट अनाथ बालबालिकाको उच्चतम हितको लागि नेपाल सरकारले भोगाधिकार सम्मको लागि प्रदान गरेको जग्गालाई व्यक्तिगत निजी सरह विना प्रतिस्पर्धा पूर्वाधार निर्माणमा निजी लगानी सम्बन्धी ऐन, २०६४ समेतका तत्काल प्रचलित कानूनको प्रतिकूल हुने गरी सरकारी जग्गा वर्षौंसम्मको लागि र एक पटकको सम्झौताको म्याद वर्षौं बाँकी रहँदै पुनः अर्को सम्झौता गरी अघिल्लो सम्झौताको म्याद सकिए पश्चात मात्र गणना हुने गरी बर्षौं वर्षको लागि म्याद थप गरी अनाथ बालबालिकाको हितको लागि स्थापना भएको नेपाल बाल संगठन जस्तो पवित्र संस्था र सोमा आश्रित अनाथ बालबालिकालाई प्रतिवादीहरुले आपसी मिलेमत्तोमा नियोजित रुपले ठगी गरेको वारदात स्थापित हुन आयो ।

अव यस वारदातमा को कसको के कस्तो भूमिका रहेको छ र निजहरु उपर के कुन सजायको मागदाबी लिई अभियोजन गर्ने सन्दर्भमा मिसिल संलग्न प्रमाणको विश्लेषण गर्ने क्रममा नेपाल बाल संगठन बालमन्दिर नक्सालको तर्फबाट अख्तियार प्राप्त केन्द्रिय सदस्य मोहन प्रसाद भट्टराईको जाहेरी व्यहोरा हेर्दा वि.सं. २०२१ सालमा नेपाल बाल संगठनको स्थापना भएको र तत्कालिन सरकारले काठमाडौँ नक्सालमा रहेको १०२ रोपनी जग्गा र सिता महल समेत नेपाल बाल संगठन संचालनको

लागि प्रदान गरेकोमा सोही जग्गा मध्येको करीब २९ रोपनी जग्गा नेपाल बाल संगठनले पटक पटक बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) स्कुललाई भाडामा दिएको र भाडामा दिँदा कुनै पनि ठेक्का नगराई एकलौटी रुपमा बृहस्पति स्कुललाई भाडामा दिने सम्झौता गरेको रहेछ । बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) र नेपाल बाल संगठन बीचमा २०५९ सालमा भाडा सम्झौता हुँदा ३० वर्षको लागि सम्झौता गरेकोमा उक्त अवधि भुक्तान हुन नपाउँदै २०७२।०२।२१ मा नेपाल बाल संगठनका अध्यक्ष रिता सिंह वैध र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) का संचालक पुरुषोतम राज जोशी लगायतका व्यक्तिहरुले मिलेमतो गरी पहिलेको अवधि यथावत राखी उक्त अवधि भुक्तान भए पश्चात गणना हुने गरी पुन: थप ४३ वर्षको लागि सम्झौता गरेका रहेछन् । भाडामा लिएको सरकारी जग्गा बैंकमा धितोको रुपमा राख्न पाउने गरी विवादस्पद सम्झौता गरेको, सोही जग्गा बैंकमा राखी ३० करोड भन्दा बढी ऋण लिएको, भाडामा लिएको जग्गा पुन राय स्कुललाई भाडामा दिई मनग्य रकम आर्जन गरेको भन्ने थाहा हुन आएको हुँदा सार्वजनिक जग्गालाई अनियमित तवरले कौडीको भाउमा ७३ वर्षको लागि भाडामा दिने सम्झौता गरी गरीब अनाथ बालबालिकाको हित र कल्याणको लागि स्थापना भएको संस्थालाई हानी नोक्सानी पुऱ्याई ठगी गरी बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) लाई फाईदा पुऱ्याएको देखिएको हुँदा यस विषयमा केन्द्रिय अनुसन्धान ब्यूरोले अनुसन्धान गरी दोषी उपर कडा कारबाही गरी पाउँ भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ। घटनास्थल मुचुल्काबाट समेत जाहेरी व्यहोरा समर्थित देखिन्छ। अभियुक्तहरु तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्ण शंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ कोने, दिपकदास श्रेष्ठ, प्रविण राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, कीर्ति प्रसाद पाण्डेय समेतले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्ने क्रममा नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) का बिचमा पटक पटक भएको सम्झौता साथै मितिः २०७२/०४/०३ गते भएको संशोधन सहितको पूरक सम्झौता विशुद्ध बालबालिकाको हितको लागि गरिएको हो। यसमा कुनै दुषित मनसाय रहेको छैन भनी ठगीजन्य कसूरमा ईन्कार रही बयान गरेको देखिए तापनि नेपाल सरकारले भोगचलनको लागि नेपाल बाल संगठनलाई उपलब्ध गराएको सरकारी जग्गामा पूर्वाधार निर्माण समेत गर्ने गरी नेपाल बाल संगठन र बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) का बीचमा सम्झौता गर्दा हाल प्रचलित सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ ले निरन्तरता दिएको तत्काल प्रचलित पूर्वाधार निर्माणमा निजी लगानी सम्बन्धी ऐन, २०६४ समेतको विपरीत हुने गरी सम्झौता गरी **प्रतिवादीहरुले ठगी गरेको कसूरको वारदात स्थापित हुन आयो।**

प्रस्तुत मुद्दामा तत्कालीन सरकारले काठमाडौँ नक्साल स्थितमा रहेको १०२ रोपनी जग्गा र सिता महल समेत नेपाल बाल संगठन संचालनको लागि प्रदान गरेको देखिन्छ । यसरी प्रदान गर्दा निजी स्वामित्वमा दिएको वा विक्री गरेको नभई अनाथ बालबालिकाको हितको लागि भोगाधिकार दिएको हुँदा यो सम्पत्ति निजी सरह प्रयोग हुने अवस्था रहँदैन। २०५३ पौषमा सम्झौता गर्दा उक्त सम्झौता मितिः

२०५३।१०।१० बाट ८ वर्षसम्म अर्थात २०६१।१०।१० सम्म कायम रहने देखिएकोमा उक्त सम्झौता सकिनु तीन वर्ष अगावै मितिः २०५८।०२।०८ मा र थप १३ रोपनी १२ आना १ पैसा जग्गाको हकमा मितिः २०५९।०५।११ मा अर्को सम्झौता भएको देखिन्छ। बृहस्पति विद्या सदन स्कुल र नेपाल बाल संगठन बिचमा २०५९।०५।११ मा सम्झौता हुँदा २०५९।०१।०१ बाट लागू हुने गरी ३० वर्ष अर्थात २०८९।०१।०१ सम्म कायम हुने गरी सम्झौता गरेकोमा उक्त अवधि भुक्तान हुन नपाउँदै अर्थात १७ वर्ष अघि नै मितिः २०७२/२/२१ मा नेपाल बाल संगठनका अध्यक्ष रिता सिंह र बृहस्पति विद्या सदन संचालक पुरुषोतम राज जोशी लगायतका व्यक्तिहरुले मिलेमतो गरी पहिलेको अवधि समाप्त भएपछि लागू हुने गरी वा राखी उक्त अवधि भुक्तान भए पश्चात पुन: थप ४३ वर्षको लागि अर्थात विक्रम सम्बत् २१३२ सम्म कायम रहने गरी सम्झौता गरेको देखिएको छ। मितिः२०५९/५/११ को सम्झौता बमोजिमको वहाल अवधिको समाप्ति पश्चात् वहालमा लिएको जग्गा नेपाल बाल संगठनलाई फिर्ता गर्नु पूर्व ५२ करोडको सम्पत्ति अभिवृद्धि बृहस्पति विद्यासदनले गर्नु पर्नेछ। त्यस्तो निर्माण कार्यमा नक्सा पास आदि गर्नु पर्दा नेपाल वाल संगठनले निर्वाध स्वीकृति मन्जुरी दिनु पर्नेछ। साथै मितिः२०५८/२/८ को सम्झौतामा उल्लेख भएको भन्दा थप रकम रु. १,००,००,०००।– (एक करोड) मूल्य बराबरको भौतिक संरचना बृहस्पति विद्यासदनले निर्माण गर्नु पर्नेछ भनी मिति २०७२/२/२१ र मितिः २०७२/४/३ को सम्झौता भएको देखिन्छ। राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम नेपाल बाल संगठन स्थापना भएको भए तापनि त्यसलाई सरकारले प्रदान गरेको जग्गा संरक्षणको दायित्व नेपाल सरकार कै हुने हुँदा उक्त प्रदान गरेको जग्गा मध्येको करिव २९ रोपनी जग्गा नेपाल बाल संगठनले पटक पटक बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) स्कुललाई भाडामा दिएको र भाडामा दिंदा कुनै पनि प्रतिस्पर्धा नगराई एकलौटी रुपमा बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (बृहस्पति विद्या सदन) लाई र सो विद्यालयले सवलिज गरी राय स्कुललाई भाडामा दिने सम्झौता गरेको देखिन्छ। भाडामा लिएको सरकारी जग्गा समेत बैंकमा धितोको रुपमा राख्न पाउने गरी विवादस्पद सम्झौता गरेको, सोही जग्गा बैंकमा राखी ऋण लिएको छैन भनी वृहस्पति स्कुलले भने पनि भाडामा लिएको जग्गा पुन: राय स्कुललाई भाडामा दिई सार्वजनिक जग्गालाई अनियमित तवरले सवलिज दिएको र राय स्कुलले धितो राखी कर्जा लिए नलिएकोतर्फ जवाफ नदिएबाट कर्जा लिएको तथ्य समेत स्वीकार गरेको देखिन्छ। नेपाल बाल संगठन केन्द्रीय सभाको मितिः २०७९/११/९ र १० गते बसेको बैठकको निर्णय बमोजिम नेपाल बाल संगठन तथा बालबालिकाको हित विपरित भएका सम्झौताहरु रद्द गर्ने भनी भएको निर्णय बमोजिम नेपाल बाल संगठनको केन्द्रीय कार्य समितिको मिति २०८१/१/१४ गतेको निर्णय बमोजिम नेपाल बाल संगठनको हानी नोक्सानी हुने गरी ठगी गर्ने व्यक्ति तथा संस्थाका विरुद्ध सम्बन्धित निकायमा जाहेरी दिने निर्णय भई नेपाल बाल संगठन बालमन्दीर नक्सालको तर्फबाट अख्तियार प्राप्त केन्द्रिय सदस्य मोहन प्रसाद भट्टराईको जाहेरी परेको देखिन्छ।

नेपाल बाल संगठनको आर्थिक प्रशासन नियमावलीलाई व्यवस्थित गर्न बनेको नेपाल बाल संगठनको कार्यविधि तथा निर्देशिका, २०६८ साथै प्रचलित कानून विपरित सम्झौता गरी नेपाल बाल संगठनको सम्पत्तिमा हानी नोक्सानी पुऱ्याई अभियुक्तहरुको मिलेमत्तोमा करिब २९ रोपनी जग्गा उक्त

नेपाल बाल संगठनले बृहस्पति विद्या सदन स्कुललाई भाडामा दिई २०५९ सालमा ३० वर्षका लागि सम्झौता गरेको अवधिमा सो सम्झौता सम्बन्धमा करार ऐन, २०५६ लागू हुने भए पनि मिति २०६४/८/२८ गते नेपाल राजपत्रमा प्रकाशित भई लागू भएको पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धि ऐन, २०६३ लाई मितिः २०७२/२/२१ र मितिः २०७२/४/३ मा सम्झौता गर्दा पालना गर्नुपर्नेमा उल्टै बेवास्ता गरी सो ऐन विपरित सम्झौता भएको देखियो। उक्त ऐनको दफा ३ (च) मा लिज, निर्माण, सञ्चालन र हस्तान्तरणमा उक्त ऐन लागू हुने देखिन्छ। यस सम्झौतामा लिज मात्र नभई ५२ करोडको लगानी गरी संरचना विकास गर्ने र अवधि पुगे पछि हस्तान्तरण गर्ने व्यवस्था हुँदा सम्झौतामा सो ऐन लागू हुने तथ्य निर्विवाद छ। उक्त ऐन जारी भए पछि साविक सम्झौता अवधि पूरा नहुँदै मिति २०७२।०२।२१ मा ४३ वर्षका लागि अर्को सम्झौता गरेको देखिन्छ। तर यसमा कुनै प्रतिस्पर्धा गराएको देखिँदैन। हाल प्रचलित सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ ले निरन्तरता दिएको तत्काल प्रचलित पूर्वाधार निर्माणमा निजी लगानी सम्बन्धी ऐन, २०६४ को दफा १८ को ठाडो उल्लंघन गरेको देखिन्छ। उक्त दफामा अनुमति पत्रको अवधि ३० वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुने र विशेष परिस्थिति परी बढाउन परेमा अनुमति प्राप्त व्यक्तिले दिएको निवेदन मनासिव देखिएमा नेपाल सरकारले बढिमा पाँच वर्षसम्म अनुमति पत्रको अवधि थप गर्न सक्नेछ भन्ने उल्लेख भएको देखिन्छ। सो कानूनी व्यवस्थाको पालना नगरी ठगी गर्ने उद्देश्यले नै नयाँ सम्झौता गरी ठगी गरेको देखिन्छ।

अत: माथि विवेचित समेतका तथ्यबाट नेपाल सरकारको स्वीकृति नलिई नेपाल सरकारको हक, हित र सरोकार जोडिएको नेपाल बाल संगठनको २९ रोपनी जग्गा जाल परिपञ्च गरी नेपाल सरकारलाई एवं बालबालिकाको हितलाई धोका दिई बाल मन्दिरको हित प्रतिकूल एवं नेपाल सरकारको स्वीकृति नलिई एकै प्रकृतिका जग्गामा असमान भाडा दर समेत कायम गरी र भाडा वृद्दि दरमा समेत एक अर्को सम्झौताबीच असमान प्रावधान राखी मिति २०५८/२/८ एवं मिति २०५९/५/११ मा समेतका विभिन्न सम्झौता गरेको र सो सम्झौताहरु संशोधन गर्ने बहानामा प्रचलित कानून विपरीत ३० वर्ष भन्दा बढी अवधिका लागि लिज, निर्माण, सञ्चालन र हस्तान्तरण सम्झौता गरी कानूनले तोकेको अवधि भन्दा ३० वर्ष बढी अवधिसम्म वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) लाई अरुलाई सवलिजमा दिन र सरकारी जग्गा धितो राखी ऋण समेत लिन पाउने समेतको अधिकार दिई भएको सम्झौताबाट नेपाल बाल संगठन र अनाथ बालबालिका विरुद्ध ठगीको कसूर गरी २९ रोपनी बराबर हुने १,५८,८०४ वर्ग फिट जग्गाको मासिक प्रति वर्गफिटको रु.६.१० को दरले हुने मासिक रु. ९,६८,७०४।४० मा प्रत्येक वर्ष पाँच/पाँच वर्षमा पाँच प्रतिशतको दरले हुने वृद्धि समेतको आधारमा ३० वर्षको बिगो रु.६०,३९,७७,२३१।०५ (अक्षरेपी साठी करोड उनन्चालिस लाख सतहत्तर हजार दुई सय एकतिस रुपैँया पाँच पैँसा) ठगी गरेको देखिन आयो। उल्लिखित विवेचित समेतका तथ्यका आधारमा अभियुक्तहरु नेपाल बाल संगठनका तत्कालिन अध्यक्ष रीता सिंह, नेपाल बाल संगठनका तत्कालिन उपाध्यक्ष तुलसी नारायण श्रेष्ठ, नेपाल बाल संगठनका तत्कालिन महासचिव गणेश भक्त श्रेष्ठ, नेपाल बाल संगठनका तत्कालिन सदस्य एवं श्रोत तथा परिचालन उपसमिति संयोजक कृष्णशंकर साह, नेपाल

बाल संगठनका तत्कालिन अख्तियार प्राप्त ऐ. का महासचिव श्याम कुमार आले, नेपाल बाल संगठनका तत्कालिन अख्तियार प्राप्त ऐ. का महासचिव सुवास कुमार पोखरेल, नेपाल बाल संगठनका तत्कालिन महासचिव प्रचण्ड राज प्रधान, नेपाल बाल संगठनका तत्कालिन महासचिव राम काजी गुरुङ (कोने), नेपाल बाल संगठनका तत्कालिन उपाध्यक्ष योगेन्द्र बहादुर शाही, नेपाल बाल संगठनका तत्कालिन उपकोषाध्यक्ष दिपकदास श्रेष्ठ, बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.(वृहस्पति विद्यासदन) का संचालक प्रविण राज जोशी, वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि.(वृहस्पति विद्यासदन) का तत्कालिन संचालक मुरारी निधि तिवारी, बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का अध्यक्ष पुरुषोत्तम राज जोशी, वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का संचालक श्रद्धा संघाई, बृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का संचालक अभिनव सिंघानिया, वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का संचालक सिद्धार्थ केडिया, वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का संचालक किर्ति प्रसाद पाण्डेले वारदात हुँदाका बखत प्रचलनमा रहेको साविक मुलुकी ऐन, ठगीको महलको १ नं. र ४ नं. बमोजिमको कसूर गरेको देखिएको र उक्त कसूरलाई हाल प्रचलित मुलुकी अपराध संहिता २०७४ को दफा २४९ मा ठगी गर्न नहुने भन्ने कानूनी व्यवस्थाले समेत निरन्तरता दिएबाट प्रतिवादीहरु रीता सिंह, तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्णशंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ (कोने), योगेन्द्र बहादुर शाही, दिपकदास श्रेष्ठ, प्रविण राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, किर्ति प्रसाद पाण्डेले विगो रु.६०,३९,७७,२३१।०५ (अक्षरुपी साठी करोड उनन्चालिस लाख सतहत्तर हजार दुई सय एकतिस रुपैँया पाँच पैँसा) बराबरको रकम ठगी गरी नेपाल बाल संगठनलाई हानी नोक्सानी पुऱ्याएको तथ्य स्थापित हुन आयो। उल्लिखित रीतले ठगी गरी नेपाल बाल संगठनलाई हानी नोक्सानी पुऱ्याउने प्रतिवादीहरु रीता सिंह, तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्णशंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ (कोने), योगेन्द्र बहादुर शाही, दिपकदास श्रेष्ठ, प्रविण राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, किर्ति प्रसाद पाण्डेयको कार्य साविक मुलुकी ऐन, ठगीको महलको १ र ४ नं. बमोजिम तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएको सप्रमाण पुष्टि हुन आयो।

## अभियुक्तलाई हुनुपर्ने सजायः

साविक मुलुकी ऐन, ठगीको महलको १ नं. र ४ नं. बमोजिम तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर गर्ने प्रतिवादीहरु रीता सिंह, तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्णशंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ (कोने), योगेन्द्र बहादुर शाही, दिपकदास श्रेष्ठ, प्रविण राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा संघाई, अभिनव सिंघानिया,

सिद्धार्थ केडिया, किर्ति प्रसाद पाण्डेलाई साविक मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी लिई सक्कल मिसिल यसै अभियोग पत्रसाथ पेश गरिएको छ।

अनुपस्थित प्रतिवादीहरु तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्णशंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ (कोने), दिपकदास श्रेष्ठ, प्रविण राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, किर्ति प्रसाद पाण्डे, फरार प्रतिवादीहरु योगेन्द्र बहादुर शाही र रीता सिंहको हकमा तहाँ अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम पक्राउ पूर्जी जारी गरी कारबाही गरी पाउँ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः×**

**क्षतिपूर्तिको माग दावीः**

नेपाल बाल संगठनलाई ठगी गरी हानी नोक्सानी पुऱ्याएको बिगो रु.६०,३९,७७,२३१।०५ (अक्षरुपी साठी करोड उनन्चालिस लाख सतहत्तर हजार दुई सय एकतिस रुपैँया पाँच पैसा) साविक मुलुकी ऐन ठगीको महलको ४ नं तथा हाल प्रचलित मुलुकी अपराध संहिता**,** २०७४ को दफा २५४ बमोजिम निज प्रतिवादीहरु रीता सिंह, तुलसी नारायण श्रेष्ठ, गणेश भक्त श्रेष्ठ, कृष्णशंकर साह, श्याम कुमार आले, सुवास कुमार पोखरेल, प्रचण्ड राज प्रधान, राम काजी गुरुङ (कोने), योगेन्द्र बहादुर शाही, दिपकदास श्रेष्ठ, प्रविण राज जोशी, मुरारी निधि तिवारी, पुरुषोत्तम राज जोशी, श्रद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, किर्ति प्रसाद पाण्डेबाट पीडित नेपाल बाल संगठनलाई दिलाई भराई पाउन मागदाबी लिईएको छ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारहरुबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउँ।

## अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः

## साविक मुलुकी ऐन ठगीको महलमा भएको व्यवस्था

१. नं. कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेको छ उसलाई ललाई फकाई वा जाल परिपञ्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने किर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुटो कुरालाई सद्दे हो भनी झुक्याई वा अरु जुनसुकै व्यहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए विक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ।

**४ नं.** ठगी गर्नेलाई ठगी लिएको विगो कायम भएमा हक पुग्नेलाई विगो भराई बिगो बमोजिम र बिगो कायम नभएमा पाँच हजार रुपैंयासम्म जरिबाना र पाँच वर्षसम्म कैद हुनेछ।

**मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा  ठगी गर्न नहुनेः**

(१) कसैले ठगी गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुर्याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः–

(ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा **सात वर्ष सम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना**।

**दफा २५४. क्षतिपूर्ति** : यस परिच्छेद बमोजिमको कसूरबाट कसैलाई हानि, नोक्सानी पुगेको रहेछ भने त्यस्तो कसूरदारबाट विगो खुलेकोमा बिगो असूल गरी पीडितलाई भराई दिनु पर्नेछ र विगो नखुलेकोमा पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

साथै प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता खुली आएमा तथा हाल कायम प्रतिवादीहरु उपर थप दाबी लिनुपर्ने देखिएमा सोही बखत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम गरिने छ।

ठगीको कसूरमा संलग्न रहेका अभियुक्तहरु मध्ये वृहस्पति विद्यालय व्यवस्थापन प्रा.लि. (वृहस्पति विद्यासदन) का अख्तियार प्राप्त तत्कालिन अध्यक्ष चिरन्जिवी तिवारी, नेपाल बाल संगठनका तत्कालिन कोषाध्यक्ष मनोहर गोपाल श्रेष्ठ र नेपाल बाल संगठनका तत्कालिन उपमहासचिव सुमन शाक्यको मृत्यु भई सकेकोमा निजहरु उपर मुद्दा नचलाउने निर्णय भएकोले दाबी लिएको छैन।

**सबुद प्रमाण :**

**दशी प्रमाण तथा कसुरसँग सम्बन्धित चिजवस्तुः**

**गवाह** : **जाहेरवालाः** मोहन प्रसाद भट्टराई।

**२१) प्रस्तुत कागजातहरुः-**

१. मितिः २०८०/१०/२८ गतेको निवेदन पाना १ ।
२. मितिः २०८०/१२/१९ गते च.नं. १०२५८ को  नेपाल बाल संगठन बालमन्दिरलाई लेखेको पत्र।
३. मितिः २०८०/१२/२१ गते च.नं. १०३५८ को ग्लोवल आईमई बैंक कमलादीलाई लेखेको पत्र।

४. च.नं. १०३६३, मिति २०८०/१२/२१ गतेको नेपाल बाल संगठन बालमन्दिरलाई लेखेको पत्र।
५. च.नं.५१०, मिति २०८०/१२/२१ गतेको नेपाल बाल संगठन बालमन्दिर नक्साल काठमाडौंको पत्र पाना-३ र पत्रसाथ प्राप्त कागजातहरु पाना ११८।
६. च.नं. १०३९०, मितिः २०८०/१२/२२ गतेको नेपाल बाल संगठन बालमन्दिरलाई लेखेको पत्र।
७. च.नं. १०४०५, मितिः २०८०/१२/२२ गतेको नेपाल बाल संगठन बालमन्दिरलाई लेखेको पत्र।
८. च.नं. ५१३, मितिः २०८०/१२/२३ गतेको नेपाल बाल संगठन बालमन्दिर नक्साल काठमाडौंको पत्र र पत्रसाथ प्राप्त कागजातहरु पाना ९६।
९. च.नं.५१७, मितिः २०८०/१२/२५ गतेको नेपाल बाल संगठन बालमन्दिर नक्साल काठमाडौंको पत्र र पत्रसाथ प्राप्त कागजातहरु पाना ६।
१०. च.नं. ९७, मितिः २०८०/१२/२९ गतेको ग्लोवल आईमई बैंकको पत्र।
११. च.नं. ५२६, मितिः २०८०/१२/३० गतेको नेपाल बाल संगठन बालमन्दिर नक्साल काठमाडौंको पत्र।
१२. च.नं.१०६६३, मितिः २०८१/०१/०१ गतेको ग्लोवल आईएमई बैंक कम्प्लाईन्स शाखा नारायणचौरलाई लेखेको पत्र।
१३. च.नं.६२६, मितिः २०८१/०१/२५ गतेको नेपाल बाल संगठन बालमन्दिर नक्साल काठमाडौंको पत्र र पत्रसाथ प्राप्त कागजात पाना-४०।
१४. मितिः २०८१/०१/२५ गतेको मोहन प्रसाद भट्टराईको जाहेरी दरखास्त कागज पाना-५।
१५. च.नं. ११६२४, मितिः २०८१/०१/२६ गतेको अनुसन्धान अनुमतिको लागि प्र.म.नि.को सचिवालयलाई लेखेको पत्र र सोही पत्रमा प्राप्त अनुमति पाना १।
१६. च.नं. ११६५६, मितिः २०८१/०१/२६ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र।
१७. च.नं. ११६६६, मितिः २०८१/०१/२७ गतेको जिल्ला सरकारी वकील कार्यालय माईतीघरलाई लेखेको पत्र।
१८. च.नं.११६६७, मितिः २०८१/०१/२७ गतेको पक्राउ अनुमतीको लागि काठमाडौं जिल्ला अदालतलाई लेखेको पत्र र अनुमती आदेश।
१९. च.नं. ११७५५, मितिः २०८१/०१/३० गतेकोनेपाल बाल संगठन बालमन्दिर नक्साल काठमाडौंलाई लेखेको पत्र।
२०. मितिः २०८१/०२/०३ गतेको अरुण तिवारीको निवेदन र निवेदन साथ संलग्न कागजात पाना-३।
२१. च.नं. १२१५५, मितिः २०८१/०२/०६ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखेको पत्र।
२२. च.नं. २९३०, मितिः २०८१/०२/०६ कोकम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र कागज पाना-१।
२३. ऐ. २०८१/०१/३१ को रामकाजी गुरुङ (कोने) को निषेधाज्ञाको लागि निवेदन पत्र पाना ५।
२४. ऐ. जेठ ३१ को काठमाडौं जिल्ला अदालतको आदेश पाना १।
२५. ऐ. जेठ १ गतेको केन्द्रीय अनुसन्धान व्युरोलाई काटिएको म्याद पाना १।
२६. मितिः २०८१/०२/०९ गतेको रीता सिंहको छोरी रुचिका वैद्यको निवेदन पाना-२ र कागज पाना-७।
२७. च.नं. १२४६९, मितिः २०८१/०२/०९ को कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखेको पत्र।

२८. च.नं. ३०३५, मितिः २०८१/०२/१७ को कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र कागज पाना-३८।
२९. मितिः २०८१/०२/२५ गतेको तुल्सिनारायण श्रेष्ठको निवेदन र संलग्न कागजात पाना-१।
३०. मितिः २०८१/०२/२५ गतेको तुल्सिनारायण श्रेष्ठको नामको पक्राउ पूर्जी।
३१. मितिः २०८१/०२/२५ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन पाना २।
३२. मितिः २०८१/०२/२५ गतेको तुलसी नारायण श्रेष्ठको थुनुवा पूर्जी।
३३. मितिः २०८१/०२/२५ गतेको तुल्सि नारायण श्रेष्ठको बयान कागज पाना-७।
३४. च.नं. १३२७०, मिति २०८१/०२/२५ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-४।
३५. च.नं. १११२०८, मिति २०८१/०२/२५ गतेको जि.स.व.का. माईतीघरको पत्र।
३६. मितिः २०८१/०२/२५ गतेको जिम्मा जमानीको कागज र संलग्न कागजात पाना-१।
३७. ऐ. २५ को तुलसी नारायण श्रेष्ठको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
३८. मितिः २०८१/०३/०१ गतेको गणेशभक्त श्रेष्ठको निवेदन र संलग्न कागजात पाना-१।
३९. मितिः २०८१/०३/०२ गतेको गणेशभक्त श्रेष्ठको पक्राउ पूर्जी।
४०. मितिः २०८१/०३/०२ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
४१. मितिः २०८१/०३/०२ गतेको गणेश भक्त श्रेष्ठको थुनुवा पूर्जी।
४२. मितिः २०८१/०३/०२ गतेको गणेशभक्त श्रेष्ठको बयान कागज पाना-६।
४३. च.नं. १३६६२, मिति २०८१/०३/०२ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-३।
४४. च.नं. १७१९७१, मिति २०८१/०३/०२ गतेको जि.स.व.का. माईतीघरको पत्र।
४५. मितिः २०८१/०३/०२ गतेको जिम्मा जमानीको कागज र संलग्न कागजात पाना-१।
४६. ऐ. २ गतेको प्रतिवादी गणेश भक्त श्रेष्ठको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
४७. मितिः २०८१/०३/०५ गतेको दिपक दास श्रेष्ठको निवेदन र संलग्न कागजात पाना-१।
४८. मितिः २०८१/०३/०५ गतेको दिपक दास श्रेष्ठको पक्राउ पूर्जी।
४९. ऐ. ५ गतेको दिपक दास श्रेष्ठको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
५०. मितिः २०८१/०३/०५ गतेको दिपक दास श्रेष्ठको थुनुवा पूर्जी।
५१. मितिः २०८१/०३/०५ गतेको दिपक दास श्रेष्ठको बयान कागज पाना-६।
५२. च.नं. १३८५३, मितिः २०८१/०३/०५ गतेको जि.स.व. का. माईतीघरलाई लेखेको पत्र पाना-४।
५३. च.नं. १७२३०४, मितिः २०८१/०३/०५ गतेको जि.स.व.का. माईतीघरको पत्र।
५४. ऐ. ०५ गतेको दिपक दास श्रेष्ठको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
५५. मितिः २०८१/०३/०५ गतेको दिपक दास श्रेष्ठको जिम्मा जमानीको कागज र संलग्न कागज पाना-१।
५६. मितिः २०८१/०३/०५ गतेको गणेश भक्त श्रेष्ठको निवेदन र संलग्न कागज पाना -३।
५७. मितिः २०८१/०३/१३ गतेको मुरारी निधी तिवारीको निवेदन।
५८. मितिः २०८१/०३/१३ गतेको मुरारी निधी तिवारीको पक्राउ पूर्जी।
५९. ऐ १३ गतेको मुरारी निधी तिवारीको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
६०. मितिः २०८१/०३/१३ गतेको मुरारी निधी तिवारीको थुनुवा पूर्जी।

६१. मितिः २०८१/०३/१३ गतेको मुरारी निधी तिवारीकोबयान कागज पाना-७।
६२. च.नं. १४३१३, मिति २०८१/०३/१३ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-४।
६३. च.नं. १६२७१९, मिति २०८१/०३/१३ गतेको जि.स.व.का. माईतीघरको पत्र।
६४. मितिः २०८१/०३/१३ को मुरारी निधी तिवारीको जिम्मा जमानी कागज र संलग्न कागजात पाना -२।
६५. ऐ. १३ गतेको मुरारी निधी तिवारीको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
६६. मितिः २०८१/०३/१८ गतेको रामकाजी गुरुङ (कोने) को निवेदन र संलग्न कागजात पाना-१।
६७. मितिः २०८१/०३/१८ गतेको रामकाजी गुरुङ (कोने) को पक्राउ पूर्जी।
६८. ऐ. १८ गतेको रामकाजी गुरुङ (कोने) स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
६९. मितिः २०८१/०३/१८ गतेको रामकाजी गुरुङ (कोने) को थुनुवा पूर्जी।
७०. मितिः २०८१/०३/१८ गतेको रामकाजी गुरुङ (कोने) को बयान पाना-६ ।
७१. च.नं. १४५६५, मितिः २०८१/०३/१८ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-२ ।
७२. च.नं. १५०६, मितिः २०८१/०३/१८ गतेको जि.स.व.का. माईतीघरको पत्र।
७३. मितिः २०८१/०३/१८ को रामकाजी गुरुङ (कोने) जिम्मा जमानीको कागज र संलग्न कागज पाना-१।
७४. मितिः २०८१/०३/१८ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
७५. मितिः २०८१/०३/१९ को सुवास कुमार पोखरेलको निवेदन र संलग्न कागज गरी पाना २ ।
७६. ऐ. १९ गतेको सुवास कुमार पोखरेलको पक्राउ पूर्जी।
७७. ऐ. १९ गतेको सुवास कुमार पोखरेलको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
७८. ऐ. १९ गतेको सुवास कुमार पोखरेलको थुनुवा पूर्जी पाना १।
७९. ऐ. १९ गतेको सुवास कुमार पोखरेलको बयान पाना ६ ।
८०. च.नं. १४६०५, मितिः २०८१/०३/१९ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-३।
८१. च.नं. १६२९८१, मितिः २०८१/०३/१९ गतेको जि.स.व.का. माईतीघरको पत्र।
८२. ऐ. १९ गतेको सुवास कुमार पोखरेलको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
८३. ऐ. १९ गतेको सुवास कुमार पोखरेलको जिम्मा जमानी कागज र संलग्न कागजात पाना १ ।
८४. मितिः २०८१/०३/२० को पुरुषोत्तम राज जोशीको निवेदन र संलग्न कागज गरी पाना २ ।
८५. ऐ २० गतेको पुरुषोत्तम राज जोशीको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
८६. ऐ. २० गतेको पुरुषोत्तम राज जोशीको पक्राउ पूर्जी।
८७. ऐ. २० गतेको ऐ. २० गतेको पुरुषोत्तम राज जोशीको थुनुवा पूर्जी पाना १ ।
८८. ऐ. २० गतेको पुरुषोत्तम राज जोशीको बयान पाना ७ ।
८९. च.नं. १४६९१, मितिः २०८१/०३/२० गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-४ ।
९०. च.नं. १६३१०९, मितिः २०८१/०३/२० गतेको जि.स.व.का. माईतीघरको पत्र।
९१. ऐ. २० गतेको पुरुषोत्तम राज जोशीको जिम्मा जमानी कागज १ र संलग्न कागजात पाना १ ।
९२. ऐ. २० गतेको पुरुषोत्तम राज जोशीको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
९३. मितिः २०८१/०३/२५ गतेको कृष्ण शंकर शाहको निवेदन र संलग्न कागजात पाना-१।

९४. मितिः २०८१/०३/२५ गतेको कृष्ण शंकर शाहको पक्राउ पूर्जी।
९५. ऐ. २५ गतेको कृष्ण शंकर शाहको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
९६. मितिः २०८१/०३/२५ गतेको कृष्ण शंकर शाहको थुनुवा पूर्जी।
९७. मितिः २०८१/०३/२५ गतेको कृष्ण शंकर शाहको बयान पाना-६।
९८. च.नं. १४९२७, मिति २०८१/०३/२५ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-२।
९९. च.नं. १६७१९, मिति २०८१/०३/२५ गतेको जि.स.व.का. माईतीघरको पत्र।
१००. मितिः २०८१/०३/२५ को कृष्ण शंकर शाहको जिम्मा जमानीको कागज र संलग्न कागज पाना -१।
१०१. ऐ. २५ गतेको कृष्ण शंकर शाहको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
१०२. मितिः २०८१/०४/०२ गतेको प्रचण्डराज प्रधानको निवेदन र संलग्न कागजात पाना-१।
१०३. मिति २०८१/०४/०२ गतेको प्रचण्डराज प्रधानको पक्राउ पूर्जी।
१०४. मिति २०८१/०४/०२ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
१०५. मिति २०८१/०४/०२ गतेको प्रचण्डराज प्रधानको थुनुवा पूर्जी।
१०६. मिति २०८१/०४/०२ गतेको प्रचण्डराज प्रधानको बयान पाना-६।
१०७. च.नं. १०१, मिति २०८१/०४/०२ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-३।
१०८. च.नं. १७, मिति २०८१/०४/०२ गतेको जि.स.व.का. माईतीघरको पत्र।
१०९. मितिः २०८१/०४/०२ को प्रचण्डराज प्रधानको जिम्मा जमानीको कागज र संलग्न कागज पाना-१।
११०. मितिः २०८१/०४/०२ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
१११. मितिः २०८१/०५/०२ गतेको श्रध्दा संघाईको निवेदन र संलग्न कागजात पाना-१।
११२. मितिः २०८१/०५/०२ गतेको श्रध्दा संघाईको पक्राउ पूर्जी।
११३. मितिः २०८१/०५/०२ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
११४. मितिः २०८१/०५/०२ गतेको श्रध्दा संघाईको थुनुवा पूर्जी।
११५. मितिः २०८१/०५/०२ गतेको श्रध्दा संघाईको बयान पाना-५।
११६. च.नं. ११७१, मिति २०८१/०५/०२ गते को जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-३।
११७. च.नं. ख-१४५, मिति २०८१/०५/०२ गते को जि.स.व.का. माईतीघरको पत्र।
११८. मितिः २०८१/०५/०२ गतेको श्रध्दा संघाईको जिम्मा जमानीको कागज र संलग्न कागजात पाना -१।
११९. ऐ. २ गतेको श्रध्दा संघाईको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
१२०. मितिः २०८१/०५/११ गतेको प्रविणराज जोशीको निवेदन र संलग्न कागजात पाना-१।
१२१. मितिः २०८१/०५/११ गतेको प्रविणराज जोशीको पक्राउ पूर्जी।
१२२. ऐ. ११ गतेको प्रविणराज जोशीको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
१२३. मितिः २०८१/०५/११ गतेको प्रविणराज जोशीको थुनुवा पूर्जी।
१२४. मितिः २०८१/०५/११ गतेको प्रविणराज जोशीको बयान पाना-६।
१२५. च.नं. १३९२, मिति २०८१/०५/११ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-३।
१२६. च.नं. ख-२०७, मिति २०८१/०५/११ गतेको जि.स.व.का. माईतीघरको पत्र।

१२७.मितिः २०८१/०५/११ गतेको प्रविणराज जोशीको जिम्मा जमानीको कागज र संलग्न कागज पाना-१।
१२८.ऐ. ११ गतेको प्रविणराज जोशीको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र परीक्षण प्रतिवेदन।
१२९.मितिः २०८१/०५/३१ गतेको कृति प्रसाद पाण्डेयको निवेदन र संलग्न कागजात पाना-२।
१३०.मितिः २०८१/०५/३१ गतेको कृति प्रसाद पाण्डेयको पक्राउ पूर्जी।
१३१.मितिः २०८१/०५/३१ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन।
१३२.मितिः २०८१/०५/३१ गतेको कृति प्रसाद पाण्डेयको थुनुवा पूर्जी।
१३३.मितिः २०८१/०५/३१ गतेको कृति प्रसाद पाण्डेयको बयान पाना-५।
१३४.च.नं. २२१६, मिति २०८१/०५/३१ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-३।
१३५.च.नं. ४३६, मिति २०८१/०५/३१ गतेको जि.स.व.का. माईतीघरको पत्र।
१३६.मितिः २०८१/०५/३१ को कृति प्रसाद पाण्डेयको जिम्मा जमानीको कागज र संलग्न कागज पाना-५।
१३७.च.नं. २३४१, मिति २०८१/०६/०४ को नेपाल बाल संगठन बालमन्दिर नक्साललाई लेखेको पत्र।
१३८.च.नं. २३४२, मितिः २०८१/०६/०४ को नेपाल बाल संगठन बालमन्दिर नक्साललाई लेखेको पत्र।
१३९.मितिः २०८१/०६/०६ को अभिनव सिंघानियाको निवेदन र संलग्न कागजात पाना-१।
१४०.मितिः २०८१/०६/०६ को श्याम कुमार अवालेको निवेदन र संलग्न कागजात पाना-१।
१४१.मितिः २०८१/०६/०६ को सिद्धार्थ केडियाको निवेदन र संलग्न कागजात पाना-१।
१४२.मितिः २०८१/०६/०६ गतेको पक्राउ पूर्जी थान-३।
१४३.ऐ. ६ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन पाना-३।
१४४.मितिः २०८१/०६/०६ गतेको थुनुवा पूर्जी थान-३।
१४५.मितिः २०८१/०६/०६ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन पाना-३।
१४६.मितिः २०८१/०६/०६ गतेको अभिनव सिंघानियाको बयान पाना-५।
१४७.मितिः २०८१/०६/०६ गतेको सिद्धार्थ केडियाको बयान पाना-५।
१४८. मितिः २०८१/०६/०६ गतेको श्याम कुमार आलेको बयान पाना-५।
१४९.च.नं. २३९८, मिति २०८१/०६/०६ गतेको जि.स.व.का. माईतीघरलाई लेखेको पत्र पाना-४।
१५०.च.नं. ख-४७९, मिति २०८१/०६/०६ गतेको जि.स.व.का. माईतीघरको पत्र।
१५१.मितिः २०८१/०६/०६ गतेको सिद्धार्थ केडिया र अभिनव सिंघानियाको जिम्मा जमानीको कागज पाना-२ र संलग्न कागजात पाना-१।
१५२.मितिः २०८१/०६/०६ गतेको श्याम कुमार आलेको जिम्मा जमानी कागज र संलग्न कागज पाना-१।
१५३.च.नं. २०८ मिति २०८१/०६/१४ गतेको नेपाल बाल संगठन बालमन्दिर नक्सालको पत्र।
१५४.प्रतिवादी सुमन शाक्यको मृत्यु दर्ताको प्रमाणपत्र पाना-१।
१५५.प्रतिवादी योगेन्द्र बहादुर शाहीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी पाना-१।
१५६.प्रतिवादी मनोहर गोपाल श्रेष्ठको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र मृत्यु प्रमाणपत्र समेत पाना-२।
१५७.मितिः २०८१/०८/०७ को प्रहरी प्रतिवेदन पाना १।

१५८. मितिः २०८१/११/०८ च.नं. ३३९१ को महान्यायाधिवक्ताको कार्यालयको पत्र पाना २ ।
१५९. मितिः २०८१/११/२० को च.नं. २४१८(ग) को जि.स.व.का. काठमाडौंको पत्र पाना १ ।
१६०. मितिः २०८१/१२/०७ च.नं. ८५३० को पत्र र सोसाथ प्राप्त कागजात पाना ८ ।
१६१. मितिः २०८१/१२/०७ च.नं. २५७३ को जि.स.व.का. काठमाडौंको पत्र पाना १।
१६२. मितिः २०८२/०१/१९ च.नं. ४९९२ को महान्यायाधिवक्ताको कार्यालयको पत्र पाना ३ ।
१६३. ऐ. २१ गतेको जि.स.व.का. काठमाडौंको च.नं. २९६० को पत्र पाना १ ।
१६४. ऐ २१ गतेको च.नं. १०३३७ को केन्द्रीय अनुसन्धान व्युरोको पत्र पाना १ ।
१६५. ऐ. २२ गतेको नेपाल बाल संगठनको च.नं. ७३२ को पत्र र सोसाथ संलग्न मितिः २०५३/०८/२९ को सम्झौताको सक्कल प्रति पाना ४ तथा विभिन्न सम्झौताहरुको प्रमाणित प्रतिलिपी पाना ३२ ।
१६६. मितिः २०८२/०१/२३ गतेको च.नं. १०४३७ को केन्द्रीय अनुसन्धान व्युरोको पत्र पाना २ ।

**यो अभियोग पत्रबाट कारवाही शुरु गरी पाउँ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलको,**

**दस्तखतः**

**नामः गोविन्द प्रसाद हुमागाईं**

**दर्जाः जिल्ला न्यायाधिवक्ता**

**कार्यालयःजिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

**मितिः२०८२/०१/२४/४**